# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## बेसीशहर नगरपालिका

लमजुङ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## बेसीशहर नगरपालिका

लमजुङ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

बेसीशहर नगरपालिका

लमजुङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्योंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय गण्डकी

पत्र संख्याः २०७९।८०
च.नं. ६६

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू,
बेसीशहर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
लमजुङ ।

**कैफियत सहितको राय**

हामीले बेसीशहर नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.१ करोड ६९ लाख ९७ हजार बेरुजू देखिएको छ। सोमध्ये बेरुजू असुल गर्नुपर्ने रू. ३६ लाख १० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ६१ लाख ८ हजार, नियमित गर्नुपर्ने रु ७२ लाख ७९ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ३ करोड ४३ लाख ८६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु ५ करोड १३ लाख ८३ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्तोले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(जयराम घिमिरे)
नायब महालेखापरीक्षक

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३७ | ५१ | १६९९७ | ० | ० | ० | ३७ | ५१ | १६९९७ | ३६१० | ७२७९ | ६१०८ | ० | ० | १३३८७ | |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| पालिकाको नाम | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बेसीशहर नगरपालिका | ४१२८८ | ० | ६९०२ | ३४३८६ | ० | १६९९७ | ५१३८३ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : बेसीशहर नगरपालिका, लमजुङ , बेसीशहर नगरपालिका , लमजुङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | ईमनाथ कडेल | २०७८-८-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सृजना पौडेल | २०७९-६-९ | हाल सम्म कार्यरत |
| | | बेरुजु रकम | १६,९९६,८९७.२५ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ९,१२,२१,३६५.५५ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४३,२८,४९,१३४.८३ | चालु खर्च | ११,७३,२४,०११.७ |
| प्रदेश सरकारबाट अनुदान | २,६२,२६,००० | पूँजीगत खर्च | १९,४९,१०,१०८ |
| राजश्व बाँडफाँट | १३,२०,७३,५३३.९९ | वित्तीय/अन्य व्यवस्था | १८,२३,०९,०९३.७५ |
| आन्तरिक आय | ४,०२,००,९०४.७५ | | |
| अन्य आय | १७,७३,६३,१९८ | | |
| कुल आय | ८०,८७,१२,७७१.५७ | कुल खर्च | ४९,४५,४३,२१३.४५ |
| बाँकी मौज्दात | | ११,७९,८६,७८८.८४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना, २०७८ बमोजिम विश्लेषण, नमुना छनौट, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण नीति मानदण्ड, मार्गदर्शन, निर्देशन र लेखापरीक्षण सीमा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा उपर व्यवस्थापनसंगको वहिर्गमन वैंठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ। | |
| २ | | | **परिचय** | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असुली**<br>यस वर्ष लेखापरीक्षणको क्रममा विद्यालयहरुले खरिद गरेको सामाग्रीको अग्रीम कर कट्टी नगरेको रकम रु २९२४२ असुल गरी बैंक दाखिला भएको छ । | |
| ४ | | | **वित्तीय विवरणको प्रासि र भुक्तानी**<br>बेसीशहर नगरपालिकाको म ले प फा नं २७२ अनुसार आर्थिक वर्ष २०७८।७९ को वित्तिय विवरण देहायबमोजिम रहेको छ । | |

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्रासि/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्रासि/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्रासी (क+ख) | | ७०,४०,६१,८३५.३६ | ६३,४४,७२,६६५.१८ | | ६३,४४,७२,६६५.१८ | ५८,५५,७४,९९२.९० | | ५८,५५,७४,९९२.९० |
| क. प्रासि (संचितकोषमा आम्दानी बाँधिने) | | ६८,२२,७४,०००.०० | ६३,१३,१६,५२४.१८ | ० | ६३,१३,१६,५२४.१८ | ५६,६५,५८,७७३.९० | ० | ५६,६५,५८,७७३.९० |
| ११००० कर | ११ | १२,५३,७३,०००.०० | १३,५४,१०,४५७.०६ | ० | १३,५४,१०,४५७.०६ | १२,९३,०६,७४०.२० | ० | १२,९३,०६,७४०.२० |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १३००० अनुदान | | ५२,९९,५६,०००.०० | ४५,९०,७५,१३४.८३ | ० | ४५,९०,७५,१३४.८३ | ४१,४३,२७,७६६.६४ | ० | ४१,४३,२७,७६६.६४ | |
| | | | संघीय सरकार | १२ | ५०,२९,३३,०००.०० | ४३,२८,४९,१३४.८३ | ० | ४३,२८,४९,१३४.८३ | ३९,५२,६५,९१७.६४ | ० | ३९,५२,६५,९१७.६४ | |
| | | | प्रदेश सरकार | १२ | २,७०,२३,०००.०० | २,६२,२६,०००.०० | ० | २,६२,२६,०००.०० | १,९०,६१,८४९.०० | ० | १,९०,६१,८४९.०० | |
| | | | १४००० अन्य राजस्व | | २,६९,४५,०००.०० | ३,६५,५४,०३२.२९ | ० | ३,६५,५४,०३२.२९ | २,०३,८८,४७४.१२ | ० | २,०३,८८,४७४.१२ | |
| | | | १५००० विविध प्राप्ति | | ० | २,७६,९००.०० | ० | २,७६,९००.०० | २५,३५,७९२.९४ | ० | २५,३५,७९२.९४ | |
| | | | ख. अन्य प्राप्ति | | २,१७,८७,८३५.३६ | ३१,५६,१४१.०० | | ३१,५६,१४१.०० | १,९०,१६,२१९.०० | | १,९०,१६,२१९.०० | |
| | | | वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | कोषहरु | | २,१७,८७,८३५.३६ | १०,४८,२३३.०० | ० | १०,४८,२३३.०० | १,३२,०७,३२४.५० | ० | १,३२,०७,३२४.५० | |
| | | | धरौटी | | ० | २१,०७,९०८.०० | ० | २१,०७,९०८.०० | ५८,०८,८९४.५० | ० | ५८,०८,८९४.५० | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | भुक्तानी (ग+घ) | | ७७,९८,०९,००७.८० | ६२,०२,८५,४४१.२८ | | ६२,०२,८५,४४१.२८ | ५६,६८,४७,१४५.६१ | | ५६,६८,४७,१४५.६१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ७५,८०,२१,१७२.४४ | ६१,१६,८६,२५४.५३ | | ६१,१६,८६,२५४.५३ | ५५,१६,३०,५२०.३६ | | ५५,१६,३०,५२०.३६ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ८,९८,९७,०००.०० | ६,३४,५२,२८८.२२ | ० | ६,३४,५२,२८८.२२ | २३,०२,६५,५८७.०८ | ० | २३,०२,६५,५८७.०८ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १३,६९,०३,०००.०० | ८,५१,९६,२२५.३८ | ० | ८,५१,९६,२२५.३८ | ६,७१,०३,४२६.५५ | ० | ६,७१,०३,४२६.५५ |
| २५००० सहायता (Subsidy) | १८ | २३,३१,३७,०००.०० | २२,०९,०७,०४०.९३ | ० | २२,०९,०७,०४०.९३ | ५,३९,४१,७०४.४० | ० | ५,३९,४१,७०४.४० |
| २७००० सामाजिक सुरक्षा | १८ | १,५४,२०,०००.०० | १,०६,१७,३८४.०० | ० | १,०६,१७,३८४.०० | ७८,७०,५७४.०० | ० | ७८,७०,५७४.०० |
| २८००० अन्य खर्च | १८ | ३९,५०,०००.०० | २५,३३,९२५.०० | ० | २५,३३,९२५.०० | १८,०४,०७९.०० | ० | १८,०४,०७९.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २७,८७,१४,१७२.४४ | २२,८९,७९,३९१.०० | ० | २२,८९,७९,३९१.०० | १९,०६,४५,१४९.३३ | ० | १९,०६,४५,१४९.३३ |
| घ. अन्य भूक्तानी | | २,१७,८७,८३५.३६ | ८५,९९,१८६.७५ | | ८५,९९,१८६.७५ | ५६,६८,४७,१४५.६१ | | ५६,६८,४७,१४५.६१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कोषहरु | | २,१७,८७,८३५.३६ | ४२,४२,८४१.०० | ० | ४२,४२,८४१.०० | १,३४,१०,२८७.५० | ० | १,३४,१०,२८७.५० |
| धरौटी | | ० | ४३,५६,३४५.७५ | ० | ४३,५६,३४५.७५ | १८,०६,३३७.७५ | ० | १८,०६,३३७.७५ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | (७,५७,४७,१७२.४४) | १,४१,८७,२२३.९० | | १,४१,८७,२२३.९० | १,८७,२७,८४७.२९ | | १,८७,२७,८४७.२९ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १०,३७,९९,५६४.९४ | | १०,३७,९९,५६४.९४ | ७,२७,६३,५१८.२६ | | ७,२७,६३,५१८.२६ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (७,५७,४७,१७२.४४) | ११,७९,८६,७८८.८४ | | ११,७९,८६,७८८.८४ | ९,१४,९१,३६५.५५ | | ९,१४,९१,३६५.५५ |

अन्तरसरकारी वित्तीय हस्तान्त्रण तर्फः

| विवरण | रकम | विवरण | रकम |
|---|---|---|---|
| सामाजिक सुरक्षा | १६१२५८९०७ | सामाजिक सुरक्षा | १६१२५८९०७ |
| गरिवसंग विश्वेश्वर कार्यक्रम | ६७३००० | गरिवसंग विश्वेश्वर कार्यक्रम | ६७३००० |
| जम्मा | १६१९३१९०७ | जम्मा | १६१९३१९०७ |

| | | | | |
|---|---|---|---|---|
| ५ | | | **आन्तिरक नियन्त्रण प्रणाली** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन।<br>• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजश्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन। स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन।<br>• पालिकाले मातहतका विभिन्न शाखा तथा वडा कार्यालयहरुवाट सामाग्री खरिद गरी सो वापत विल रकम भुक्तानी गरिएकोमा उक्त शाखा तथा वडा कार्यलयमा दाखिला गरिएको जिन्सी सामाग्रीको अभिलेख कार्यालयको मूल खातामा प्रविष्टी नहुँदा लगत अद्यावधिक नभएको देखियो।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सहायक जिन्सी खातामा कर्मचारी तथा पदाधिकारीले प्रयोग गरेको सवारी तथा अन्य जिन्सी सामाग्रीहरुको सम्बन्धित व्यक्तिले बुझिलिएको दस्तखत गरेको र अवकाश वा सरुवा भएका कर्मचारीले फिर्ता गरेका मालसमान हाल कुन अवस्थामा भएको वा अन्य कुनै कर्मचारीलाई पुनः प्रयोगका लागि बुझाएको भन्ने रेकर्ड व्यवस्थित रुपमा राखेको पाइएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४को नि ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाई एक भन्दा वढी वर्षमा वजेट विनियोजन हुन सक्ने देखिएको,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाई व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा सुशासन समिति गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रवाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको,<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद २ दफा ४ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र अनुसूची २ को ढाँचा बमोजिम उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको<br>• सामाजिक सुरक्षा वितरण भत्ता कार्यविधि, २०७७ को परिच्छेद ७ को दफा ३१ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२ (३) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त कार्यविधिको पालना नगरेको। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | • सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२ (२) मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको।<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको।<br>• विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,<br>• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नराखेको,<br>• सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको, | |
| ६ | | | **वित्तीय विवरण**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राखुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीकोव्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्:<br>· सुत्रले तयार गरेको म.ले.प.फा.२७२ को संचितकोषको प्राप्ती तर्फ रु.६३१३१६५२४।१८देखिएकोमा कार्यालयबाट प्रमाणित आर्थिक विवरण अनुसार संघ तथा प्रदेश अनुदान रु.४५९०७५१३४.८३, बाँडफाँडबाट प्राप्त रकम रु.११४५१६२७३।३९ र आन्तरिक आम्दानी रु.५७७५८१६५।३५ समेत रु.६३१३४९५७३।५७ हुने देखिन्छ । जसमा रु ३३०४९।३९ सुत्रले कम देखाएको छ । जुन रकम चेक जारी भएको तर चेक सटही नभएको कारणले फरक परेको देखिन्छ। पालिकाले सोही अनुसार हिसाब मिलान गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · यस स्थानीय तहलेNPSAS अनुरूपको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय प्रतिवेदन(म=ले=प=फा= नं= २७२) ले गत वर्षको जिम्मेवारी, यस वर्षको अन्तिम मौज्दात लगायतका देहायका विवरण फरक देखाएको हुँदा यसले आर्थिक विवरणको यथार्थ चित्रण गर्न नसकेको एंव सुत्रमा विषयगत शिर्षकहरुको निकासा तथा खर्च रु.१६ करोड १९ लाख ३१ हजार ९०७ समेटन नसकेको कारण यथार्थ एकिकृत आर्थिक विवरण माग गरी सोही विवरणलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ।<br><br>स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन।<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ आषाढ मसान्त भित्र सबै खर्च खाताहरु बन्द गरी खर्च हुन बाँकी रकम संचितकोषमा फिर्ता गर्नुपर्नेव्यवस्था भए बमोजिम पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरण अनुसार सबै खाताहरुको रकम २०७८ श्रावणमा मात्रै खर्च खाताबाट फिर्ता गरी संचित कोषमा आम्दानी बाँधिएको छ।<br><br>**गत वर्षको जिम्मेवारीः** पालिकाले म.ले.प प्रतिवेदन अनुसार संचित कोष तथा अन्य विभिन्न कोष समेत गरी रु.९१४९१००० यस आर्थिक वर्षमा जिम्मेवारी सार्नुपर्नेमा रु.९१४९१३६५।५५ जिम्मेवारी सारेको देखिन्छ । तर सुत्रमा रु.१०३७९९५६४.९४ अल्या गरेको देखिन्छ । जस अनुसार रु १२३०८१९९.३९ सुत्रमा बढी अल्या गरेको देखिन्छ । उक्त रकम यस वर्ष प्राप्त भएका रकमहरु कन्टिन्जेन्सी खर्च रु ९०५१५० औधोगिक ग्रामको रु ९२ लाख जिल्ला समन्वय समितिबाट प्राप्त १४७०००० र नेपाल विद्युत प्राधिकरण मर्याङ्दी करिडोरको ७ लाख रकम समेत गत बर्षको अल्या रकममा देखाएकाले फरक परेको देखिन्छ । तर यथार्थमा वास्तिवक रकम जिम्मेवारी सारेको देखिन्छ ।<br><br>**बैंक मौज्दातः** पालिकाबाट प्रमाणित एकिकृत आर्थिक विवरणमा संचित कोष तथा अन्य विभिन्न कोषहरुको समेत गरी बैंक मौज्दात रु.११७९८९७८८।८४ देखाएकोमा सुत्रको म.ले.प.फा.न २७२ मा रु. ११७९८९७८८।८४ देखिन्छ । सोही अनुसार आगामी आर्थिक वर्ष जिम्मेवारी सार्नुपर्ने देखिन्छ । | |
| ७ | | | **खर्च विश्लेषण**<br>पालिकाले यस वर्ष कूल आन्तरिक आयबाट रु. ५७७५८१६५।३५राजस्व बाँडफाँड रु. ११४५१६२७३।३९ र अनुदानबाट रु. ४५९०७५१३४.८३ समेत रु.६३१३४९५७३।५७आम्दानी भएकोमा चालुतर्फ रु.११७३२४०११।७० र पूँजीगततर्फ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रु.१९४९१०१०८ समेत रु.३१२२३४१२९।७० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १८।५० प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रु.११५१७००० खर्च भएको छ जुन आन्तरिक आयको १९।९४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट १८।५८ प्रतिशत चालु र ३०।८७ प्रतिशत मात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ | |
| ८ | | | **बजेट पेश पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ।सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।यस स्थानीय तहमा २०७८।०३।८ गते रु.७२ करोड ६५ लाख ४१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।०३।२५ मा पारित भएको छ।यसैगरी स्थानीय तह प्रमुखले २०७८।३।३१ मा प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। | |
| ९ | | | **तलबी प्रतिवेदन**<br>निजामति सेवा ऐन,२०४९ को दफा ७ (ख) वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च नं १८० को मिति २०७६।५।१८ को पत्र अनुसार नेपाल सरकार माननिय मन्त्रि स्तरको निर्णय बमोजिम स्थानीय तहका कर्मचरी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गर्ने निर्देशन भएको र कार्यालयले तलबी प्रतिवेदन पास गर्नका लागि कोलेनिकामा पेश गरेको भएतापनि कोलेनिकाले पास गरेको देखिएन । यस वर्ष पालिकाले तलबी प्रतिवेदन पास नगरी वर्षभरीमा पालिकातर्फ रु.२ करोड ४७ लाख ७८ हजार खर्च र स्वास्थ्य शशर्तको २ करोड ३८ लाख ६१ हजार खर्च गरेको देखियो। जिम्मेवार निकायले तलबी प्रतिवेदन पास गर्नेतर्फ ध्यान दिनुपर्छ । | |
| १० | | | **आन्तरिक लेखापरीक्षण नभएको** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७७ को उपदफा २ बमोजिम स्थानीय तहले कानून बमोजिम आफ्नो आय व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष आन्तरिक लेखपारीक्षकको पद रिक्त भएको कारणले आन्तरिक लेखापरीक्षण हुन नसकेको जनाएको छ । जसको कारणले गर्दा पालिकाको गत वर्षको जिम्मेवारी, आन्तरिक आय, राजस्व बाँडफाड, संघ प्रदेशको अनुदान लगायत विभिन्न कोषहरुको समेत गरी कुल रु.८० करोड ७८ लाख ६१ हजार आम्दानी र सोको खर्च रु.६२ करोड २ लाख ८५ हजारको आन्तरिक लेखापरीक्षण भएको छैन । पालिकाले आन्तरिक लेखापरीक्षकको दरबन्दी माग गरी एवं रिक्त पदपुर्ति गरि आन्तरिक लेखापरीक्षण गराउनुपर्दछ । | |
| ११ | | | **क्षेत्रगत बजेट खर्च**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम रु हजारमा | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ६२३१० | ४७५९६ | ७.७८ |
| सामाजिक क्षेत्र | ३५७०३७ | ३०५७०९ | ५० |
| पूर्वाधार विकास क्षेत्र | १९५५९३ | १६३०३० | २६.६५ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १८६५५ | १३८३१ | २.२५ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १२४४२६ | ८१५२१ | १३.३२ |
| **जम्मा** | **७५८०२१** | **६११६८६** | **१००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **चौमासिक पुँजिगत खर्च**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
हतारमा काम गराउँदा कामको गुणस्तरमा असरपर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>पूँजीगत खर्च शीर्षक</th><th>कूल खर्च</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th><th>आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th></th><th></th><th></th><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th><th></th></tr>
<tr><td></td><td>विभिन्न</td><td>२२८९८०</td><td>१०१४९</td><td>८८१९६</td><td>१३०६३५</td><td>५८०४२</td></tr>
<tr><td></td><td>खर्च प्रतिशत</td><td>१००</td><td>४.४३</td><td>३८.५२</td><td>५७.०५</td><td>२५.२५</td></tr>
</table>
उपरोक्त विवरण अनुसार बिभिन्न व.उ.शी.नं. मा यस वर्ष रु.२२ करोड ८९ लाख ८० हजार खर्च भएको मध्ये तेस्रो चौमासिकमा मात्र ५७.०५ प्रतिशत र आषाढमा २५.३५ प्रतिशत खर्च गरेको पाइयो । यसरी आर्थिक वर्षको अन्ततिर मात्र अधिक मात्रामा कार्य सञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दीगोपनामा समेत नकारात्मक असर गर्ने स्थिति रहन्छ । तसर्थ आर्थिक वर्षको अन्ततिर मात्र अत्यधिक खर्च गर्ने प्रबृत्तिमा नियन्त्रण तथा सुधार हुनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>
योजना र कार्यान्वयन<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यस वर्ष भएका कामका योजनाहरु देहायअनुसार छन्ः
<table>
<tr><th>सि न</th><th>विवरण</th><th>योजना संख्या</th><th>खर्च रकम</th></tr>
<tr><td>१</td><td>१ लाख भन्दा कमको योजना</td><td>१३७</td><td>७६९७८९४</td></tr>
<tr><td>२</td><td>१ लाख देखि पाँच लाख सम्मका योजना</td><td>१७६</td><td>२६०५०१०१</td></tr>
<tr><td>३</td><td>५ लाख देखि १० लाख सम्मका योजना</td><td>३६</td><td>१५३२४२५१</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>१० लाख एक देखि ५० लाख सम्मा योजना</td><td>२३</td><td>१७३८५८४७</td></tr>
<tr><td>५</td><td>५० लाख भन्दा माथिका योजनाहरु</td><td>१</td><td>१६९०१६२३</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३७३</td><td>८३३५९७१६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>
अवण्डा बजेट<br>
स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७१ बमोजिम नगरपालिका कार्यालयबाट पेश भएको बार्षिक कार्यक्रम तथा बजेट नगर सभाबाट पारित गरी नगर प्रमुखले अख्तियारी प्रदान गरेको बजेट तथा कार्यक्रम प्रमुखप्रशासकिय अधिकृतले खर्च गर्नुपर्ने व्यवस्था छ । नगरसभाले बार्षिक कार्यक्रम र वजेटको आधारमा कार्यक्रम तथा वजेट पारित गर्नुपर्नेमा एकमुष्ट वजेट फुटकर योजना भनि वजेटमा राखी कार्यपालिकाको पटके निर्णयको आधारमा खर्च गर्ने र पछि नगरसभाले उक्त खर्च अनुमोदन गरेबाट कार्यक्रम तथा वजेट तर्जुमा स्थानिय सरकार संचालन ऐन विपरीत देखिएको छ। त्यस्तै फुटकर योजनाहरु शिर्षकबाट विभिन्न साना तथा प्रतिफल नदेखिने वितरणमुखी कार्यमा खर्च गरेको विभिन्न युवा क्लवहरुलाई रकम प्रदान गरेको विभिन्न नाममा आर्थिक सहायता वितरण गरेको देखिएकोले यसरी फुटकर योजनाहरुको नाममा अवण्डामा राखी वजेट खर्च गर्नु ऐन विपरीत हुने हुनाले अवण्डामा राखी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
<table>
<tr><th>सि नं</th><th>बजेट शिर्षक</th><th>बजेट विनियोजन रकम</th><th>खर्च रकम</th></tr>
<tr><td>१</td><td>फुटकर योजनाहरु</td><td>३४९८७१७२.४४</td><td>३१४८४२३३</td></tr>
<tr><td>२</td><td>प्रस्तावना तथा मागमा आधारित विविध कार्यक्रम</td><td>६१९०००</td><td>६१५०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३५६०६१७२.४४</td><td>३२०९९२३३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>
कानून निर्माण<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ८ वटा ऐन, ४ वटा नियमावली, ५१ कार्यविधि लगायत निर्देशिका र मापदण्ड गरी ७१ वटा कानून निर्माण
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ७१ वटा कानूनहरु निर्माण गरी सभा। कार्यपालिकाबाट स्वीकृत गरे तापनि उक्त कानूनहरु कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| १६ | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी विवरण प्राप्त भएन भने यो बर्ष ५३ मुद्दा दर्ता भएकोमा ३० फछ्यौट भई बाँकी २३ भएको पालिकाबाट प्राप्त विवरणमा उल्लेख भएको छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी प्रभावकारी ढंगबाट न्याय सम्पादन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ। | |
| १७ | | | **सेवा प्रवाह**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा नगरपालिका तथा वडा कार्यालयको<br>काम, कर्तव्य र अधिकारको व्यवस्था छ। पालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष नागरिकता सिफारिस ११०४, घरबाटो सिफारिस ५५८, घर जग्गा सिफारिस ८५०, विवाह २११, सम्बन्ध विच्छेद ९, जन्म तथा मृत्यु दर्ता १३७४, बसाईसराई १६६ दर्ता गरेको पालिकाले पञ्जिकरण दर्ता तथा सिफारिस सम्वन्धमा व्यवस्थित अभिलेख राखेको पाइएन। पालिकाले ऐन वमोजिम सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ। | |
| १८ | | | **अनुगमन तथा भ्रमण खर्च**<br>भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ। नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ। कार्यालय र वडा तथा स्वास्थ्य संस्थामा समेत यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु.२७ लाख खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन। जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन। यसमा सुधार गर्नुपर्ने देखिन्छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **औद्योगिक ग्राम संचालन खर्च नभएको**<br>विविध खर्च खाता ग-२-7 मा उद्योग मन्त्रालयबाट औधोगिक ग्राम संचालनको लागि रु.९२००००० यस वर्ष प्राप्त भएको छ । तर यसरी औधोगिक ग्राम संचालन भएको रकम आर्थिक वर्षको अन्त्य सम्म खर्च नभएको देखियो । उक्त औधोगिक ग्राम निर्माणको लागि चालु आर्थिक वर्ष २०७९।८० मा डि पि आरको प्रकृयामा रहेको पालिकाले वताएपनि औधोगिक ग्रामको लागि जग्गा प्राप्ति गरी डि पि आर भएको देखिएन । यस सम्बन्धमा उक्त रकम मन्त्रालयलाई फिर्ता गर्नुपर्ने वा नपर्ने मन्त्रालयसंग समन्वय गर्नुपर्ने देखिन्छ । | |
| २० | | | **कर्मचारी दरबन्दी पदपूर्ति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित ६३ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार १७ पदहरु रिक्त रहेका छन् । भने स्वीकृत दरबन्दी भन्दा बढी ७ जना स्थायी पदमा कार्यरत देखिन्छ । पालिकाको ओ एण्ड एम नहुँदा र कर्मचारी व्यवस्थापन नहुँदा केहि पदहरु रिक्त भई कार्यसम्पादनमा ढिलाई हुने र केही पदमा स्वीकृत दरबन्दी भन्दा बढी कार्यरत हुँदा कार्य अभाव हुने अवस्था सिर्जना भएको अवस्था छ । तसर्थ पालिकाको ओ एण्ड एम गरी रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गर्ने र दरबन्दी भन्दा बढी भएको कर्मचारीलाई अन्यत्र पालिकामा मिलान गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| २१ | | | **दरबन्दी बाहिरको करार सेवा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ९२ जना कर्मचारीहरु पालिकामा करारमा राखी रु.२ करोड ४७ लाख ११ हजार खर्च लेखेको छ । त्यसै गरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्टीसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र | २,७८२,१३० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । ९ जना दरबन्दी बाहिर सामाजिक परिचालक लागायत अन्य रहेका छन । जसमा पालिकाले रु २७८२१३० खर्च गरेको देखिएकाले नियम सम्बत नदेखिएको रु.
<table>
<tr><th>सि नं</th><th>कर्मचारीको नाम</th><th>पद</th><th>तलब स्केल</th><th>चार्डपर्व सहित बार्षिक तलब</th></tr>
<tr><td>१</td><td>कृष्ण थापा</td><td>ल्याब टे</td><td>३२२००</td><td>४१८६००</td></tr>
<tr><td>२</td><td>प्रतिमा पन्त</td><td>कम्प्युटर अधिकृत</td><td>२८६१०</td><td>३७१९३०</td></tr>
<tr><td>३</td><td>रेशम घिमिरे खत्री</td><td>कम्प्युटर अधिकृत</td><td>३०२००</td><td>३९२६००</td></tr>
<tr><td>४</td><td>मिना गुरुङ</td><td>स क अ</td><td>२०५००</td><td>२६६५००</td></tr>
<tr><td>५</td><td>सुनिता घिमिरे ढकाल</td><td>स क अ</td><td>२०५००</td><td>२६६५००</td></tr>
<tr><td>६</td><td>नेत्र बहादुर बोहरा</td><td>स क अ</td><td>२०५००</td><td>२६६५००</td></tr>
<tr><td>७</td><td>रश्मिला के सी</td><td>स क अ</td><td>२०५००</td><td>२६६५००</td></tr>
<tr><td>८</td><td>मैता गुरुङ</td><td>स क अ</td><td>२०५००</td><td>२६६५००</td></tr>
<tr><td>९</td><td>खिना रिमाल</td><td>स क अ</td><td>२०५००</td><td>२६६५००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>२७८२१३०</td></tr>
</table></td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>पोषाक भत्ता<br>नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७४।१।२१ को निर्णयअनुसार सबै निकायमा एकरुपता कायम हुने गरी स्वीकृत दरबन्दीभित्र करारमा रहेका व्यक्तिलाई मात्र आर्थिक वर्ष ०७४।७५ बाट लागू हुने गरी सालबसाली रुपमा एक पटक चैत्र महिनामा पोषाक भत्ता निजामति कर्मचारीले सरह उपलब्ध गराउने सम्बन्धमा नेपाल सरकार सामान्य प्रशासन मन्त्रालयले मिति २०७४।१।२५</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गते परिपत्र गरेकोमा तल उल्लेखित स्वीकृत दरबन्दी बाहिरका ९ जना कर्मचारी राखी पोषाक भत्ता वापत रु ९०००० भुक्तानी गरी खर्च लेखेको छ । उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>सि नं</th><th>कर्मचारीको नाम</th><th>पद</th><th>पोषक भत्ता</th></tr>
<tr><td>१</td><td>कृष्ण थापा</td><td>ल्याब टे</td><td>१००००</td></tr>
<tr><td>२</td><td>प्रतिमा पन्त</td><td>कम्प्युटर अधिकृत</td><td>१००००</td></tr>
<tr><td>३</td><td>रेशम घिमिरे खत्री</td><td>कम्प्युटर अधिकृत</td><td>१००००</td></tr>
<tr><td>४</td><td>मिना गुरुङ</td><td>स क अ</td><td>१००००</td></tr>
<tr><td>५</td><td>सुनिता घिमिरे ढकाल</td><td>स क अ</td><td>१००००</td></tr>
<tr><td>६</td><td>नेत्र बहादुर बोहरा</td><td>स क अ</td><td>१००००</td></tr>
<tr><td>७</td><td>रश्मिला के सी</td><td>स क अ</td><td>१००००</td></tr>
<tr><td>८</td><td>मैता गुरुङ</td><td>स क अ</td><td>१००००</td></tr>
<tr><td>९</td><td>खिना रिमाल</td><td>स क अ</td><td>१००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>९००००</td></tr>
</table></td><td>९०,०००</td></tr>
<tr><td>२३</td><td></td><td></td><td>खाना तथा विविध खर्च<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष नगरपालिका, वडा कार्यालय तथा स्वास्थ्य संस्था समेतमा विविधतर्फ मात्र रु. २० लाख २९ हजार खर्च गरेको छ । नगरपालिकाले बैठक तथा अन्य क्रियाकलाप सँचालनार्थ बिबिध खर्च</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लेख्दा उपस्थिति सँख्या, कार्यक्रमको पुष्ट्याई लगायतका बिबरण तथा बैठक तथा कार्यक्रम सँचालनको लागि लागत अनुमान तयार गरी खर्च लेख्नुपर्दछ । नगरपालिकाले बिबिध बैठक तथा कार्यक्रम सँचालनार्थ खर्च भएको उल्लेख गरी खर्चको पुष्ट्याई बेगर केबल बिल भरपाई मात्र सँलग्न गरी बिबिध शीर्षकबाट खाजाखाना बापतको खर्च लेखेको छ । यसरी खर्च लेखेबाट बास्तबिक रुपमा खर्च भएको हो होइन यकिन गर्ने आधार भएन । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।प्रयोजन बेगर खर्च भएको उदाहरण देहयबमोजिम रहेको छ । | |

| भौचर नं ।मिति | भुक्तानी पाउने | खर्च विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ३२०।०७८।९।१८ | नेवा भान्छा एण्ड खाजा घर | खाजा खाना विल भुक्तानी | ३९६०७ |
| ५२८।०७८।११।०८ | नेवा भान्छा एण्ड खाजा घर | खाजा खाना विल भुक्तानी | ५८७४५ |
| ७४४।०७९।१।६ | नेवा भान्छा एण्ड खाजा घर | खाजा खाना विल भुक्तानी | ६८५७० |
| ८९२।०७९।२।११ | नेवा भान्छा एण्ड खाजा घर | खाजा खाना विल भुक्तानी | ५०७२३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस सामाजिक सुरक्षा र उद्दार राहत तथा पुनस्थापना खर्च भनी रु. लाख वितरण गरेका छ। । केही गोश्वारा भौचरको नमूना छनौट गर्दा कार्यालयले विभिन्न व्यक्ति तथा संस्थालाई आर्थिक सहायता वितरण गरेको छ । कार्यालयले आर्थिक सहायता वितरणको मापदण्ड र कार्यविधि तर्जूमा नगरी वितरण कार्य गरेकोले यस्ता प्रकारका खर्चहरु नियन्त्रण हुनुपर्दछ । केही उदाहरणहरुः | |

| भौ नं /मिति | सहायता प्राप्त गर्ने व्यक्ति संस्था | सहायता रकम |
|---|---|---|
| १२७।०७८।६।२४ | लिस्नो साहित्यीक मञ्च | १०००० |
| ३९६।०७८।१०।३ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ४०००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५४३।०७८।११।९</td><td>खेम जंग गरुङ</td><td>५००००</td></tr>
<tr><td>११२२।०७९।३।२२</td><td>जिल्ला खेलकुद विकास समिति</td><td>७५०००</td></tr>
<tr><td>११२९।०७९।३।२३</td><td>विभिन्न २२ जनालाई आर्थिक सहायता</td><td>९७५००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>
शिक्षक दरवन्दी र पदपूर्ति<br>
स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५१ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><td>विद्यालय</td><td>शिक्षक दरवन्दी</td><td>स्थायी पदपुर्ती</td><td>पदपुर्ती मध्ये करार</td><td>विद्यार्थी संख्या</td></tr>
<tr><td>६७</td><td>४६३</td><td>३६६</td><td>९७</td><td>प्राप्त नभएको</td></tr>
</table>
यस सम्बन्धमा निम्नानुसार देखिएको छ ।<br>
•स्थानीय तह मातहतमा रहेका ६७ विद्यालय रहेका छन् । दरवन्दी नभएका विद्यालयहरुमा राहत दरवन्दी तथा पालिकाले दरबन्दी स्वीकृत गरी आन्तरिक श्रोतबाट तलवभत्ता खुवाउने गरि पदपुर्ति गरी पठन पाठनको व्यवस्था मिलाएको छ ।<br>
• ६७ विद्यालयमा ४६३ शिक्षक दरबन्दी रहेकोमा ३६६ पदमा स्थायी पदपुर्ती भएको, ९७ जना करारमा शिक्षक रहेको देखिन्छ ।<br>
दरबन्दी अनुसारको शिक्षक पदपुर्ती हुनुपर्दछ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एंव न्युन विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>
विद्यालय सुधार तथा सामाजिक लेखापरीक्षण अनुदान<br>
कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.7.११.१० मा विद्यालयहरुलाई सामाजिक परीक्षण तथा आर्थिक लेखा परीक्षण गर्नका लागि आधारभूत विद्यालयलाई प्रतिविद्यालय रु.१०००० र माध्यमिक विद्यालयकालई प्रति विद्यालय रु.१५००० का दरले र विद्यालयहरुलाई विद्यालय सुधार योजनाका लागि माध्यामिक तहलाई रु.२०००० र आधारभूत तहलाई रु.१५०००
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | का दरले अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ । यस नगरपालिका भित्रका ५१ वटा विद्यालयहरुलाई विद्यालय सुधार योजना निर्माणको लागि रु ८३०००० सामाजिक लेखापरीक्षणको लागि रु.५७५००० निकासा भएकोमा लेखापरीक्षणको क्रममा विद्यालय सुधार योजना र सामाजिक लेखापरीक्षणको प्रतिवेदन प्राप्त गरी नगरपालिकाले निकासा रकमको सुनिश्चित गर्नुपर्छ । | |
| २७ | | | **सामुदायिक वनबाट रकम प्राप्त नगरेको**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ ख मा सामुदायीक वन उपभोक्ता समितिले वन पैदावार विक्रि तथा उपयोग सम्वन्धी वार्षिक कर्यायोजना वनाई सम्वन्धित तहवाट स्वीकृत गराउनुपर्ने र सामुदायिक वनले वन पैदावारको विक्रि वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम पालिकामा वुझाउनुपर्ने व्यवस्था छ । जिल्ला वन कार्यालयवाट प्राप्त विवरण अनुसार यस पालिका अन्तर्गत देहायका सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्रि गरेकोमा उक्त रकमको १० प्रतिशतले हुने रकम यस पालिकामा वुझाउनुपर्नेमा वुझाएको छैन भने उक्त रकम उठाउन स्थानीय तहले कुनै पहल समेत गरेको देखिएन । उक्त रकम असुल गर्नुपर्ने रु. | ३१४,५४१ |

| सि नं | सामुदायिक वनको नाम | ठेगाना | सावउसको आम्दानी (सकार रकम र संकलन खर्च) | मु.अ.कर | स्थानीय तहलाई बुझाउनुपर्ने १० प्रतिशत रकम |
|---|---|---|---|---|---|
| १ | खाँचे सामुदायिक वन | वेसिसहर-१० | १५५३१२० | २०१९१० | १५५३१२ |
| २ | लाङ्दी हरियाली सामुदायिक वन | वेसिसहर-५ | १५९२२८९ | २०७००० | १५९२२९ |
| **जम्मा** | | | **३१४५४०९** | ४०८९१० | **३१४५४१** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **चालु प्रकृतिका पुँजिगत खर्च**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७२ (२) बमोजिम गाउँपालिका तथा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शिर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ अनुसार चालु खर्च अन्तर्गत कर्मचारी तथा पदाधिकारी पारिश्रमिक, जिन्सी वा जिन्सी वापत दिइने पारिश्रमिक सुविधा, कर्मचारी वा पदाधिकारी भत्ता, कर्मचारी र पदाधिकारीको सामाजिक सुरक्षा खर्च, सेवा महशुल, पुँजिगत सम्पतिको संचालन तथा मर्मत संभार खर्च, कार्यालय सामान तथा सेवाहरु, सेवा तथा परामर्श खर्च, कार्यक्रम तालिम तथा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गोष्ठी खर्च, अनुगमन, मुल्याङ्कन र भ्रमण खर्च, विविध खर्च, स्थिर सम्पती उपयोगको खर्च, सबै प्रकारका सहायता खर्च, विभिन्न प्रकारका अनुदान, समाजिक सेवा अनुदान, समाजिक सुरक्षा, सबै प्रकारका भाडा खर्च, भैपरि आउने चालु खर्च आदी चालु शिर्षकमा बजेटिङ गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले यस वर्ष देहायका शिर्षकहरु पुँजिगत खर्च तर्फ बजेटिङ गरी खर्च गरेको देखिएकाले आगामी आ व देखि बजेटिङ पद्धतिमा परिवर्तन गर्नुपर्ने देखिन्छ । | |

| सि नं | बजेट खर्च शिर्षक | बिनियोजित रकम | खर्च रकम |
|---|---|---|---|
| १ | संचार क्षेत्र सुदृढीकरण कार्यक्रम | ५००००० | ३५५००० |
| २ | बाली विकास कार्यक्रम | ३००००० | ८८४२० |
| ३ | अन्तर जिल्ला कृषक अवलोकन भ्रमण | ४५०००० | ४५०००० |
| ४ | फलफुल खेत प्रवर्द्धन कार्यक्रम | २००००० | १५६८७१ |
| ५ | पशु सेवा सम्बन्धी मागमा आधारित कार्यक्रम | २००००० | १८७०२६ |
| ६ | नश्ल सुधार कार्यक्रम | ५००००० | ४९५२७४ |
| ७ | घाँस विकास कार्यक्रम | ४००००० | ३९९८६० |
| ८ | मासुमा आत्मनिर्भर कार्यक्रम (बाखा, वंगुर, कुखुरा र राँगा) | २२००००० | २१९७६४३ |
| ९ | च्याउखेती सहयोग कार्यक्रम | २००००० | १९९१५० |
| १० | ग्रामीण जीविकोपार्जन तथा सेवा टेवा कार्यक्रम | ५५०००० | ४२७२९२ |
| ११ | क्षमता अभिबद्धि कार्यक्रम | ३००००० | २९९४०० |
| १२ | दूधमा आत्मनिर्भर कार्यक्रम (गाई/ भैंसी) | १२००००० | ११९८३९० |
| १३ | कृषक सम्मान कार्यक्रम | २००००० | २००००० |
| १४ | तरकारी खेती प्रवर्धन कार्यक्रम | १२००००० | ११८६६९० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>१५</td><td>कृषि तरकारी बिउविजन वितरण</td><td>५००००</td><td>५००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>८४५००००</td><td>७८९१०१६</td></tr>
</table></td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>प्रेस सल्लाहकार<br>गण्डकी प्रदेश सरकारले जारी गरेको गाउँसभा, नगरसभा, जिल्ला समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ मा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले प्रेस सल्लाहकार राख्न सक्ने व्यवस्था गरेको छैन । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ (८) मा तोकिएको भन्दा फरक पदमा पदपुर्ति गर्न नहुने उल्लेख नभएकोमा पालिकाले प्रेस सल्लाहकारको रुपमा मासिक रु २०००० का दरले कृष्ण बहादुर खत्रीलाई करारमा नियुक्ती गरी चार्डपर्व खर्च समेत रु. २६०००० तलबभत्तामा खर्च लेखेको नियम सम्मत नदेखिएको रु</td><td>२६०,०००</td></tr>
<tr><td>३०</td><td></td><td></td><td>बस्तु तथा सेवा हस्तान्त्रण नगरी बिजक जारीः<br>मूल्य अभिवृद्धि कर ऐन २०५८ को दफा २९ (१ग) बमोजिम वस्तु तथा सेवाको हस्तान्त्रण नगरी बीजक मात्र जारी गर्ने विक्रेतालाई जारी बिजक मूल्यको ५० प्रतिशत जरिवाना गर्न सक्ने व्यवस्था छ । पालिकाको देहायबमोजिमको भौचर नमूना परीक्षण गर्दा फर्निचर सप्लायर्सले झोला विक्री गरेको भ्याट विजक जारी गरेको देखियो । विजक जारी गर्ने सप्लायर्ससँग सोधपुछ गर्दा निजको<table>
<tr><th>भौचर नं। मिति</th><th>सप्लायर्सको नाम</th><th>भ्याट नं</th><th>विजक जारी विवरण</th><th>विजक रकम</th><th>५० प्रतिशत रकम</th></tr>
<tr><td>५३३।०७८।११।८</td><td>वर्षा रितु फर्निचर सप्लायर्स</td><td>६०००७०३०८</td><td>विजक नं ०८४ बाट मिति २०७८।११।३ मा ३६ थान ल्यापटप व्याग विक्री गरेको विजक जारी गरेको</td><td>९७२२५</td><td>४८६१२.५</td></tr>
<tr><td>५३५।०७८।११।८</td><td>कामाक्षा फर्निचर एण्ड फर्निसिङ सेन्टर</td><td>३०१४०६७२९</td><td>विजक नं ४६५ बाट २४ थान लेडिज व्याग विक्री गरेको विजक जारी गरेको</td><td>५५१८९</td><td>२७५९४.५</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>१५२४१४</td><td>७६२०७</td></tr>
</table>पसलमा फर्निचर बाहेकको सामाग्री विक्री वितरणको लागि नराखिएको जानकारी दिएकाले देहायबमोजिम बिजक जारी गरेको रकमको ५० प्रतिशत रकम सप्लायर्सबाट असुल गर्नुपर्ने रु</td><td>७६,२०७</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>प्रोत्साहन रकममा कम कर कट्टी<br>आयकर ऐन २०५८ अनुसार नियमित रुपमा नभई पटके रुपमा प्राप्त गर्ने वैठक भत्ता लगायतका अन्य भत्तामा १५ प्रतिशत अग्रिम करकट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । देहायबमोजिम भौचरबाट पालिकाले प्रोत्साहनमा १५ प्रतिशत कर कट्टी गरी भुक्तानी दिनुपर्नेमा कम कर कट्टी गरेको तथा कट्टी नगरी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु
<table>
<tr><th>भौचर नं</th><th>प्रोत्साहन पाउने</th><th>प्रोत्साहन प्रयोजन</th><th>हुनुपर्ने कर कट्टी रकम</th><th>भएको कर कट्टी रकम</th><th>अपुग कर कट्टी रकम</th></tr>
<tr><td>११७०।०७९।३।२४</td><td>लमजुङ कालिका ड्राइभिङ इन्टिच्युट</td><td>१३ जना व्यक्तिलाई ड्राइभिङ तालिम दिए बापत प्रति प्रशिक्षार्थी रु १०५०० का दरले रु १३६५०० प्रशिक्षक भत्ता भुक्तानी भएकोमा प्रशिक्षकको १५% कर कट्टी हुनुपर्नेमा संस्थाले प्यान विल जारी गरेको भरमा १.५% कर कट्टी गरेकाले बाँकी कर कट्टी गर्नुपर्ने</td><td>२०४७५</td><td>२०४७.५</td><td>१८४२७.५</td></tr>
<tr><td>११७२।०७९।३।२४</td><td>दिपक गिरी र याम बहादुर अधिकारी</td><td>नदीजन्य पदार्थ उत्खनन गरेका फर्म तथा व्यक्तिहरुलाई पक्राउ गरेवापत दिपक गिरी र याम वहादुर अधिकारीलाई प्रोत्साहन स्वरुप क्रमशः रु १४००० र १२२०० भुक्तानी दिएकोमा प्रोत्साहन रकममा १५% कर कट्टी हुनुपर्नेमा नभएको</td><td>३९३०</td><td>०</td><td>३९३०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>२४४०५</td><td>२०४७.५</td><td>२२३५७.५</td></tr>
</table></td><td>२२,३५७.५</td></tr>
<tr><td>३२</td><td></td><td></td><td>चालु खर्चमा मितव्ययीता<br>नगरपालिकाले चालु खर्च मितव्ययी र पूँजीगत खर्च नतिजामुलक ढंगले खर्च गर्नुपर्दछ। त्यस्तै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम वजेट तर्जुमा गर्दा वजेट खर्चको प्रतिफल लक्षित वर्गमा पुगी आय एवं रोजगारी बढ्ने/ बढाउने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले मगर समाज सामाग्री व्यवस्थापनमा विभिन्न आमा समूह तथा संस्थालाई भाडाँकुडाँ खरिद, मगर</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>संग्राहलयमा भाँडाकुडाँ खरिद, कराँते युवा क्लवलाई सहायता जस्ता कार्यमा र विभिन्न नाउँमा आर्थिक सहायता वितरण कार्यमा खर्च गरेको देखिन्छ। चालु खर्चलाई मितव्ययी एवं किफायती ढंगले खर्च गर्नुपर्नेमा नगर्नुको साथै वितरणमुखी कार्य, उपभोग्य सामाग्री खरिद व्यवस्थापनमा खर्च गर्दा त्यसले पूँजी वृद्धि नहुने तथा थप पूँजी श्रृजना नहुने हुनाले यस्ता खर्चहरुमा कटौती गरी स्थानीय श्रम सिपमा वृद्धि हुने खालको रोजगारी श्रृजना हुने कार्यमा खर्च गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>मसलन्द तथा कार्यालय सामाग्री<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्न नहुने उल्लेख छ त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को ८ च मा सोझै खरिद को व्यवस्था र नियम ८४ मा सिलबन्दी दरभाउपत्रको आधारमा खरिद गर्न सक्ने उल्लेख छ। कार्यालयले यो बर्ष संघ, प्रदेशको राजस्व बाँडफाँड र आन्तरिक श्रोतबाट व्यहोर्ने गरी मसलन्द तथा कार्यालय सामाग्रीमा रु ४५ लाख वजेट व्यवस्था गरेकोमा रु २४ लाख ३५ हजार अर्थात वजेटको ५४.११ प्रतिशत वजेट खर्च गरेको देखिन्छ। कार्यालयले उक्त सामानहरु सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ वमोजिम सिलबन्दी दरभाउपत्रबाट प्रतिस्पर्धी दरमा खरिद गर्नुपर्नेमा आवश्यकताको आधार जनाई पटक पटक सोझै खरिद गरेको देखियो। सार्वजनिक खरिद ऐन, नियम वमोजिम खरिद योजना वनाई खरिद विधि छनौट गरी प्रतिस्पर्धी दरमा खरिद गर्नुपर्नेमा नगरेकोले खरिद कार्य मितव्ययी र प्रतिस्पर्धी रहेको भन्न सक्ने अवस्था रहेन।</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>नर्म्स भन्दा बढी भुक्तानी<br>अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका,२०७७ को बुँदा नं ७.१.१५ को सि नं ४ मा तालिम केन्द्र बाहेक अन्य निकायबाट संचालित सबै प्रकारको तालिममा सम्बन्धित कार्यालयले संचालन गरेको भए सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए बापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने व्यवस्था छ । भौचर नं ३९७।०७८।१०।३ बाट महिला शसक्तिकरण कार्यक्रम वडा तथा नगरस्तरिय संचालन गर्दा सबै कार्यालयका स्रोत व्यक्तीले कक्षा लिएकोमा कार्यपत्र वापत कार्यपत्रको रु ६०० लिनुपर्नेमा प्रशिक्षण बापत रु २५०० लिएको देखिएकाले प्रशिक्षण बापतको रकम असुल गर्नुपर्ने रु
<table>
<tr><th>सि नं</th><th>स्रोत व्यक्तिको नाम</th><th>प्रशिक्षण कार्यक्रम</th><th>पारिश्रमिक लिएको रकम</th><th>कर पछिको रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>मेघेन्द्र पोखरेल</td><td>वडा तथा नगर स्तरिय तालिम २ कक्षा</td><td>५०००</td><td>४२५०</td><td></td></tr>
</table></td><td>१०,६२५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>गुमान सिंह अर्याल</td><td>वडा तथा नगर स्तरिय तालिम २ कक्षा</td><td>५०००</td><td>४२५०</td><td rowspan="2">दुबै कार्यक्रको कार्यपत्र वापतको रकम धन कुमारी दुराले लिएको देखिएकाले प्रशिक्षण भत्ता असुल गर्नुपर्ने</td></tr>
<tr><td>३</td><td>लक्ष्मी देवी अधिकारी</td><td>वडा स्तरिय तालिम</td><td>२५००</td><td>२१२५</td></tr>
<tr><td colspan="3">जम्मा</td><td></td><td>१०६२५</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>प्रतिवेदन<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(३) वमोजिम स्थानीय तहको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति विवरण त्यस्तो अवधि समाप्त भएको १५ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिका वैठकमा पेश गर्नुपर्ने व्यवस्था गरेको भएतापनी प्रमुख प्रशासकीय अधिकृतले चौमासिक विवरण तयार गरी कार्यपालिकाको वैठकमा पेश गरेको देखिएन त्यस्तै स्थानीय सरकार संचालन ऐन,२०७४ वमोजिक नगर उप प्रमुखले पालिका भित्र संचालित विभिन्न योजना तथा कार्यक्रमको सुपरीवेक्षण गरी सो को प्रतिवेदन मासिक रुपमा कार्यपालिकाको वैठकमा पेश गर्नुपर्नेमा गरेको देखिएन।तसर्थ ऐनको प्रावधान वमोजिम मासिक तथा चौमासिक प्रतिवेदन कार्यपालिकाको वैठकमा पेश गरिनुपर्दछ।</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>प्राविधिक कर्मचारीको प्रोत्साहन भत्ता<br>आयकर ऐन २०५८ अनुसार नियमित रुपमा नभई पटके रुपमा प्राप्त गर्ने वैठक भत्ता लगायतका अन्य भत्तामा १५ प्रतिशत अग्रिम करकट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । देहायबमोजिमका प्राविधिक कर्मचारीहरुलाई कन्टिन्जेन्सी खर्च शिर्षकबाट भौचर नं २ र ७ बाट प्रोत्साहन रकम भुक्तानी गरेकोमा प्रोत्साहनमा १५ प्रतिशत कर कट्टी गर्नुपर्नेमा १ प्रतिशत मात्र कट्टी गरेको देखिएकाले बाँकी १४ प्रतिशत कर असुल गरी दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>सि नं</th><th>कर्मचारीको नाम</th><th>पद</th><th>प्रोत्साहन दर</th><th>महिना</th><th>जम्मा</th><th>१४ प्रतिशत कट्टि हुनुपर्ने</th></tr>
<tr><td>१</td><td>विशाल ढकाल</td><td>इन्जिनियर</td><td>८०००</td><td>९</td><td>७२०००</td><td>१००८०</td></tr>
<tr><td>२</td><td>पासाङ जिरेल</td><td>सब इ</td><td>७०००</td><td>९</td><td>६३०००</td><td>८८२०</td></tr>
<tr><td>३</td><td>प्रकाश पौडेल</td><td>सब इ</td><td>७०००</td><td>९</td><td>६३०००</td><td>८८२०</td></tr>
</table>
</td><td>९१,३००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | सजुमा घिमिरे | सब इ | ७००० | ९ | ६३००० | ८८२० |
| ५ | कुलचन्द्र भण्डारी | अ सब इ | ६००० | ९ | ५४००० | ७५६० |
| ६ | सूर्य प्रसाद पोखरेल | सब इ | ६००० | ९ | ५४००० | ७५६० |
| ७ | विदुर न्यौपाने | अमिन पाँचौ | ६००० | ९ | ५४००० | ७५६० |
| ८ | शंकर श्रेष्ठ | अ सब इ | ६००० | ७ | ४२००० | ५८८० |
| ९ | इमान सिङ गुरुङ | अ सब इ | ६००० | ६ | ३६००० | ५०४० |
| १० | हरिचन्द्र बस्नेत | सब ई | ७००० | ९ | ६३००० | ८८२० |
| ११ | सुजन श्रेष्ठ | सब ई | ७००० | ९ | ६३००० | ८८२० |
| १२ | रस्मि घिमिरे | अ सब ई | ६००० | १.४ | ८४०० | ११७६ |
| १३ | अजय कुमार मण्डल | अ सब ई | ६००० | १.५ | ९००० | १२६० |
| १४ | मुकेश कुमार मण्डल | अ सब ई | ६००० | १.२९ | ७७४० | १०८४ |
| जम्मा | | | | | | ९१३०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **कर कट्टी**<br>आयकर ऐन, २०५८ वमोजिम तोकिएका करहरु तोकिएको दरमा कट्टा गरी दाखिला गर्नुपर्ने व्यवस्था छ। भौ नं ७९३ मिति २०७९।३।२३ बाट फुटकर योजनाहरु शिर्षकबाट तिन महिने व्यूटिशियन तालिम वापत देहायवमोजिमका व्यूटिशियन तालीम केन्द्रफर्म कम्पनी संस्थालाई रकम भुक्तानी गरेकोमा आयकर ऐनको दफा ८८, ८९ वमोजिम मूल्य अभिवृद्धि करमा दर्ता नभएका | ११८,१७९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>फर्महरुलाई १५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्नेमा १.५ प्रतिशतका दरले कर कट्टा गरेकोले घटी कर कट्टा गरेको देखिदा नपुग कर असुल गर्नुपर्ने रु
<table>
<tr><th>सि.नं.</th><th>भुक्तानी लिनेको नाम</th><th>भुक्तानी रकम</th><th>कट्टा गर्नुपर्ने कर</th><th>कट्टा गरेको कर रकम</th><th>नपुग कर रकम</th></tr>
<tr><td>१</td><td>न्यू लुक व्यूटी पार्लर</td><td>२२५०००</td><td>३३७५०</td><td>३३७५</td><td>३०३७५</td></tr>
<tr><td>२</td><td>ड्रिम व्यूटी हब एण्ड ट्रेनिङ सेन्टर</td><td>१६२९००</td><td>२४४३५</td><td>२४४३।५०</td><td>२१९९१.५०</td></tr>
<tr><td>३</td><td>इन्फिनिटी व्यूटी पार्लर</td><td>१०००००</td><td>१५०००</td><td>१५००</td><td>१३५००</td></tr>
<tr><td>४</td><td>एन्जिला ब्युटी पार्लर तथा ट्रेनिङ्ग सेन्टर बेसीशहर</td><td>२२५०००</td><td>३३७५०</td><td>३३७५</td><td>३०३७५</td></tr>
<tr><td>५</td><td>दुर्गा ब्युटी पार्लर प्रशिक्षण केन्द्र वेसीशहर</td><td>१६२५००</td><td>२४३७५</td><td>२४३७.५</td><td>२१९३७.५</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>८७५४००</td><td>१३१३१०</td><td>१३१३१</td><td>११८१७९</td></tr>
</table>
उक्त तालीम संचालन गर्नका लागि भुक्तानी लिने ट्रेनिङ सेन्टर तथा पार्लरले प्राविधिक शिक्षा तथा व्यवसायीक तालीम केन्द्र(CTEVT) बाट तालीम दिने सिप भएको प्रमाणित हुने सिप परीक्षण प्रमाणपत्र (Skill Testing Certificate) प्राप्त गरेको प्रमाणपत्र प्राप्त फर्म। कम्पनीसँग तालिम गराउनुपर्छ ।</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>कार्यसम्पन्न प्रतिवेदन<br>भौचर नं ९५८।०७९।३।१२ सौर्य इन्टरप्राइजेज एण्ड सप्लायर्सलाई १.५*१*१ को ग्याविन जाली ८२ थान र २*१*१ को ८१ थान ग्याविन जाली खरिद गरी रु ४९८१३४ भुक्तानी गरेकोमा उक्त ग्याविन जाली कहाँ कुन कार्यमा प्रयोग गरेको भनि कार्यसम्पन्न प्रतिवेदन तयार गरी पेश नभएकाले उक्त ग्याविन जालि प्रयोग भयो भन्ने अवस्था रहेन । अतः उक्त ग्याविन जाली प्रयोग गरेको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु</td><td>४९८,१३४</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>हर्जना रकम असुली<br>सम्झौताको पालना गर्नु करारीय दायित्व हो । पालिकाले विभिन्न निर्माण सेवासँग आन्तरिक आयको ठेक्का सम्झौता गर्दा सम्झौताको बुँदा नं ५ मा दोस्रो किस्ता २०७८ चैत्र मसान्तसम्म बुझाउनुपर्ने उल्लेख गरेको छ भने बुँदा नं ६ मा तोकिएको समयमा रकम नबुझाएमा १० प्रतिशत थप क्षतिपुर्ति लिनुपर्ने व्यस्था गरेको छ । तर पालिकाले देहायबमोजिमको आय ठेक्का रकम निर्माण सेवाले समयमा नबुझाई बैंक जमानत जफत गर्दा समेत बैंक जमानत जफत गर्दाको समयावधिसम्मको थप क्षतिपुर्ति रकम नलिएकाले उक्त रकम असुल गर्नुपर्ने रु</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | ८९,८२२ |

| ठेक्का नं | घाटको नाम | निर्माण सेवा | कबोल अंक | समयमा नबुझाएको रकम | सम्झौता अनुसार बुझाउनुपर्ने मिति | बुझाएको मिति | ढीला दिन | १० प्रतिशतले हुने क्षतिपुर्ति रकम |
|---|---|---|---|---|---|---|---|---|
| ८।०७८।७९ | आँपचौर पुलदेखि दक्षिण बरवोट खोला माथीसम्म | दिक्षित इन्जिनियर एण्ड विल्डर्स प्रा लि | ७५०००० | ३७५००० | २०७८ चैत्र मसान्त | २०७९ जेठ २७ गते बैंक जमानत जफत गरेको | ५७ दिन | ५८५६ |
| ९।०७८।७९ | सालडाँडा देखि तल थारचौर छोटेबगर | दिक्षित इन्जिनियर एण्ड विल्डर्स प्रा लि | १०००००० | ५००००० | २०७८ चैत्र मसान्त | २०७९ जेठ २७ गते बैंक जमानत जफत गरेको | ५७ दिन | ७८०८ |
| १०।०७८।७९ | रानीकुवा बगरदेखि आँपचौरको पुल माथि समेम | दिपक थापा | १३२५००० | ६६२५०० | २०७८ चैत्र मसान्त | २०७९ जेठ १८ गते बैंक जमानत जफत गरेको | ४८ दिन | ८७१२ |
| १२।०७८।७९ | भकुण्डे टापु मुनीको मरनघाट | दिपक थापा | ७२५००० | ३६२५०० | २०७८ चैत्र मसान्त | २०७९ जेठ ११ गते बैंक जमानत जफत गरेको | ४१ दिन | ४०७२ |
| १५।०७८।७९ | रिट्ठे बगर घाट | कौडिन्य निर्माण सेवा | ४८५१००० | २४२५५०० | २०७८ चैत्र मसान्त | २०७९ असार २३ गते बैंक जमानत जफत गरेको | ८३ दिन | ५५१५५ |
| २०।०७८।७९ | बाँझाखेत मोटरेवल पुलदेखि भाचोक खोला दोभानसम्म | अमृत गुरुङ | ४००००० | २००००० | २०७८ चैत्र मसान्त | २०७९ जेठ १८ गते | ४८ दिन | २६३० |
| २३।०७८।७९ | जडिबुटी कवाडी तथा जिवजन्तु कर | अमृत गुरुङ | ४००००० | २००००० | २०७८ चैत्र मसान्त | २०७९ श्रावण १२ गते | १०२ दिन | ५५८९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा \| \| \| \| \| \| ८९८२२ | |
| ४० | | | **आय ठेक्का रद्द गरेको**<br>पालिका ठेक्का नं १४।०७८।७९ श्री मायन्स कन्सट्रक्सन कम्पनीसँग २२५० घन मिटर दहत्तर बहत्तरको रु ५ लाख ५७ हजार कार्यालयबाट मूल्याङ्कन भई रु १३ लाख १९ हजार ९९९ कबोल अंकमा मिति २०७८।४।२४ मा ठेक्का सम्झौता भएको देखिन्छ । ठेक्का सम्झौता पश्चात निर्माण सेवालले रु ११ लाख ८७ हजार ९९९ राजस्व दाखिला गरेकोमा उदीपुरमा पहिरो गएर उत्खनन गर्न असम्भव भएको भनि कार्यपालिकाको मिति २०७९।२।२५ निर्णयबाट राजस्व फिर्ता गरेको देखिन्छ । त्यसैगरी ठेक्का नं १७।०७८।७९ त्रिवेणी घाटको ४००० घन मिटर उत्खनन गर्न कार्यालयबाट रु ९ लाख ९० हजार मूल्याङ्कन भएकोमा वाइवा एण्ड लामा कन्सट्रक्सनसँग रु १३ लाख १ हजार कबोल अंकमा सम्झौता भएको देखिन्छ । सम्झौता पश्चात निर्माण सेवाले ५० प्रतिशतले हुने रु ६ लाख ५० हजार ५०० राजस्व बुझाएको देखिन्छ । यस ठेक्कामा घाटमा स्थानीयले मसानघाट बनाई उत्खनन कार्यमा अवरोध पुर्याएको कारण उत्खनन गर्न नसकिएको भनि निर्माण सेवाले निवेदन दिएको र कार्यपालिकाले मिति २०७९।२।२५ मा निर्णय गरी ठेक्का रद्द गरेको देखिन्छ । यसरी पहिरो नियन्त्रण र स्थानीयको अवरोध नियन्त्रण नगरेका कारण पालिकालाई २ वटा ठेक्कामा रु १८ लाख ३८ हजार ४९९ कम आम्दानी भएको देखिन्छ । | |
| ४१ | | | **फोहोरमैला व्यवस्थापन**<br>पालिकाले फोहोरमैला व्यवस्थापन गर्नका लागि वडा नं ८ मा डम्पिङ साइट निर्माणको लागि २०७६ पौष १ मा सम्झौता गरी २०७६ श्रावण ९ देखि २०९५ अषाढ मसान्त सम्मको लागि सम्झौता गरेको देखिन्छ । पालिकाले डम्पिङ साइटको भाडा वार्षिक रु २४२००० तिर्नेगरी घमान सिं राना मगरसँग सम्झौता गरेको देखिन्छ । पालिकाले फोहोरमैला संकलन कार्य गरेवापत स्थानिय समुदायबाट राजस्व संकलनको लागि ठेक्का लगाएको देखिएन । पालिकाले आन्तरिक आय वृद्धि गर्नका लागि फोहोरमैला संकलनको आय ठेक्का लगाउनुका साथै कुहिने र नकुहिने फोहोर स्रोतमै छुट्याइ पुनः प्रयोग गरी लाभ लिन सकिने व्यवस्था मिलाउने तर्फ ध्यान दिनुपर्छ । | |
| ४२ | | | **व्यवसाय कर**<br>स्थानीय सरकार संचलान ऐन,२०७४ को दफा ५८ मा आफ्नो क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुंजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था भएकोमा पालिकाले दर्ता तथा नविकरण गरेको रकम दाखिला राजस्वको softwareमा देखिएतापनी कुल व्यवसाय दर्ता गर्ने,नविकरण गर्ने तथा बाँकिको विवरणSYSTEM बाट देखिदैन । राजस्वको software | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | मा नविकरण गर्ने, दर्ता गर्ने, वार्षिक कर नतिर्ने, समयमा नतिरेको कारण जरिवाना लगाएका करदाता आदिको छुट्टछुट्टै अभिलेख देखिने गरी राजस्वको softwareराख्नुपर्ने देखिन्छ। यस वर्ष व्यवसाय कर बापत रु २०७३१५० संकलन भई राजस्व दाखिला भएको छ । आ व २०७८।७९ सम्म १११२ व्यवसाय दर्ता भएकोमा २०७८।७९ मा ४२२ व्यवसाय नविकरण भएको, १५ व्यवसाय बन्द रहेको देखिन्छ भने ६७५ व्यवसाय नविकरण हुन बाँकी रहेका छन । सो नविकरण हुन बाँकी व्यवयायहरुबाट के कति रकम संकलन हुन बाँकी रहेको सम्बन्धमा एकीन गर्न सकिएन । | |
| ४३ | | | **मनोरञ्जन कर**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शनी हल, व्यापारिक तथा प्राकृतिक मेला महोत्सव संगित, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शुल्कमा कर लिनुपर्ने व्यवस्था छ । पालिकाले यस्ता कार्यक्रमहरुबाट कर असुल गरी आन्तरिक राजस्व वढाउनेतर्फ ध्यान दिएको देखिएन । पालिकाले यस तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४४ | | | **भवन नक्सा पास**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ वमोजिम पालिका क्षेत्रमा नक्सा पास नगराई घर निर्माण गर्न नपाइने व्यवस्था छ । नगरपालिकामा यस वर्ष घर नक्सा पासको लागि ८२ वटा घरहरु दर्ता भएको देखिन्छ । भने दर्ता भएका मध्ये ३६ घरहरुलाई निर्माण सम्पन्न प्रमाणपत्र दिइएको छ । भने ४२ वटा पुरानो घर अभिलेखिकरण गरिएको छ । पालिकाले क्षेत्र भित्र रहेको घरहरुको नक्साङ्कन गर्ने, नयाँ निर्माणाधीन भवनहरुको निगरानी र अनुगमन बढाई नक्सा पास गराउन प्रोत्साहित गरी नगरपालिकाको राजस्व बृद्धि गर्नेतर्फ आवश्यक पहल गर्नुपर्दछ । | |
| ४५ | | | **घर बहाल कर**<br>आर्थिक ऐन, २०७७ बमोजिम घरधनिले वहालमा लगाएको संझौतामाउल्लेख गरेको रकमको १० प्रतिशत वा नगरवाट निर्धारित न्युनतम तोकिएको रकममा जुन वढी हुन्छ वढी रकमको आधारमा वहालकर लगाइने उल्लेख छ। कार्यालयले वहाल कर वुझाउन आउने करदाता वाहेक अन्यलाइ करको दायरामा ल्याएको छैन भने ल्याउन प्रयास समेत गरेको देखिदैन। अनिवार्य रुपमा तिर्नुपर्ने कर्पोरेट करदाताहरुवाट प्राप्त भएको घरवहाल रकम मात्र घरधनीहरुले तिर्ने गरेको अवस्था छ। तिर्नुपर्ने कति हो र तिरेको कति हो सो को अभिलेख कार्यालयले नराखी वहाल कर पुस्तिकामा चढाएर सोझै धरधनिलाई दिएको अवस्था छ। यस वर्ष पालिकाले घर | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बहाल कर रु.२१ लाख २५ हजार उठेको रेकर्ड पेश गरेको छ । पालिकाले वहालकरलाई व्यवस्थित गरी आन्तरिक आय वृद्धि गर्नेतर्फ जोड दिनुपर्ने देखिन्छ । | |
| ४६ | | | **राजस्व अनुमान र असुली**<br>पालिकाले यो वर्ष आन्तरिक श्रोतबाट रू.३ करोड ३० लाख ४५ हजार राजस्व संकलन हुने अनुमान गरेकोमा पालिकाबाट प्राप्त अभिलेख अनुसार यस वर्षरू.४ करोड २६ लाख ४५ हजार संकलन भएको देखिन्छ। पालिकाले गरेको अनुमानको तुलनामा १२९।०५ प्रतिशतराजस्व आम्दानी भएको देखिन्छ ।यस वर्षको राजस्व अनुमान र असुलीको विवरण देहायबमोजिम रहेको छ । अनुमानित राजस्वको दर बढाउदै सो उठाउनेतर्फ पालिकाले ध्यान दिनुपर्छ । | |

| क सं | शिर्षकहरु | आ व ०७८।७९ को अनुमानित राजस्व रु. हजारमा | आ व २०७८।७९ को असार मसान्तसम्मको संकलित राजस्व रकम रु हजारमा | अनुमानको तुलनामा संकलित राजस्व प्रतिशत |
|---|---|---|---|---|
| १ | सम्पति तथा भूमिकर | ५७०० | ६४२७ | ११२.७५ |
| २ | घर बहाल कर | ३००० | ५५२३ | |
| ३ | सवारी साधन कर (साना सवारी) | १० | ६.३० | ६३ |
| ४ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर | २०० | ४८५ | २४२.५ |
| ५ | बाँडफाडबाट प्राप्त हुने विज्ञापन कर | ३१५ | १५४ | ४८.८९ |
| ६ | अन्य कर | ० | ३०७ | ३०७ |
| ७ | पार्किङ शुल्क | १६० | ११३ | ७०.६२ |
| ८ | बाँडफाडबाट प्राप्त दहत्तर बहत्तरको बिक्रिबाट प्राप्त हुने आय | १०००० | १७९११ | १७९.११ |
| ९ | नक्सा पास दस्तुर | २००० | २१६६ | १०८.३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १० | व्यक्तिगत घटना दर्ता तथा सिफारिस दस्तुर | २०५० | ३६४४ | १७७.७५ |
| ११ | अन्य दस्तुर | ३४०० | ५७२ | १६.८२ |
| १२ | अन्य प्रशासनिक दण्ड जरिवाना र जफत | १७५० | २०४६ | ११६.९१ |
| १३ | व्यावसाय कर | २२०० | २०७३ | |
| १४ | न्यायिक दस्तुर | १० | ९ | ९० |
| १५ | नाता प्रमाणित दस्तुर | २०० | १३ | ६.५ |
| १६ | बहाल विरौटी कर | ५० | ४३ | ८६ |
| १७ | सरकारी सम्पतिको बहालबाट प्राप्त आय | २००० | ११५३ | ५७.६५ |
| | जम्मा | ३३०४५ | ४२६४५ | १२९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | | | **आय ठेक्का नलागेको**<br>स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२(क) मा पालिकाले आफ्नो क्षेत्रभित्रको वातावरणीय मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा गिट्टी वालुवा विक्रि वापत प्राप्त रकम पालिकाले संचित कोषमा जम्मा गर्ने तथा गण्डकी प्रदेश सरकार ढुंगा, गिट्टी, वालुवा उत्खनन संकलन क्रसिङ र विक्रि वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि २०७५ मा सम्बन्धित स्थानीय तहले दोस्रो पक्षसँग ढुंगा, गिट्टी, वालुवा उत्खनन ठेक्का सम्झौता गर्दा प्रदेश सरकारले तोकेको दरमा संझौता गरी सोही बमोजिम राजस्व संकलन गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले देहायबमोजिम दोर्दी खोलाको ५ वटा क्षेत्रबाट मू अ कर बाहेक रु.४७४६००० को मू अ कर समेत रु.५४३४१७० राजस्व संकलन गर्न सकिने देखिएकोमा पालिकाले यस क्षेत्रमा ठेक्का आह्वान गरे तापनी ठेक्का लागेको देखिएन । सो क्षेत्रमा ठेक्का नलागेतापनि पालिकाले अमानतबाट समेत राजस्व संकलन गर्नेतर्फ ध्यान दिएको देखिएन। पालिकाले ठेक्का नलागेको क्षेत्रमा अमानतबाट भएपनि राजस्व संकलन गर्नेतर्फ ध्यान दिनुपर्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका हेर्नुहोस्) | |
| ४८ | | | **बढी राजस्व छुट**<br>स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२(क) मा पालिकाले आफ्नो क्षेत्रभित्रको वातावरणीय मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा गिट्टी वालुवा विक्रि वापत प्राप्त रकम पालिकाले संचित कोषमा जम्मा गर्ने तथा गण्डकी प्रदेश सरकार ढुंगा, गिट्टी, वालुवा उत्खनन संकलन क्रसिङ र विक्रि वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि २०७५ मा सम्बन्धित स्थानीय तहले दोस्रो पक्षसँग ढुंगा, गिट्टी, वालुवा उत्खनन ठेक्का सम्झौता गर्दा प्रदेश सरकारले तोकेको दरमा संझौता गरी सोही बमोजिम राजस्व संकलन गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले ठेक्काको सूचनामा प्रकाशन गर्दा छुट दिने प्रावधान नराखेको छैन तर निम्न निर्माण व्यवसायीसँग आव सम्झौता भएको मितिमा सबै किस्ता बुझाउने गरी आफ्नो क्षेत्रभित्रको ढुंगा, गिट्टी, वालुवा उत्खननको ठेक्का सम्झौता गरी राजस्व संकलन गरेकोमा पालिकाले एकमुष्ट राजस्व बुझाएबापत १० प्रतिशत छुट दिएको छ । पालिकाले प्रदेश सरकारबाट तोकेको दरका आधारमा न्यूनतम रकम निर्धारण गर्ने हुँदा न्यूनतम भन्दा माथिको रकममा मात्र छुट दिनुपर्नेमा सबै कबोल अंकमा छुट दिएकाले बढी छुट दिएको रकम असुल गर्नुपर्ने रु. | १,११७,५०० |

| क सं | स्थान | अनुमानित राजस्व रकम मु अ कर बाहेक |
|---|---|---|
| १ | पुवाखोला दोभान क्षेत्र | ५८०००० |
| २ | सातविसे डील मुनी मरनघाट | ३५०००० |
| ३ | गैरी क्याम्पस मुनी | १३६६००० |
| ४ | चती वरबोट खोलादेखि गैरी क्याम्पसको झोपु सम्म कडेनी | ८००००० |
| ५ | दोर्दी खोला क्षेत्र | १६५०००० |
| जम्मा | | ४७४६००० |

| ठेक्का नं | घाटको नाम | निर्माण व्यवसायी | न्यूनतम मूल्याङ्कन | सम्झौता रकम ( कर बाहेक) | हुनुपर्ने छुट | भएको छुट | बढी छुट |
|---|---|---|---|---|---|---|---|
| १।०७८।७९ | बेलौती विसौना खण्ड क | कृष्ण निर्माण सेवा | ४६५००० | ४६५५०० | ५० | ४६५५० | ४६५०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२।०७८।७९</td><td>बेलौती विसौना खण्ड ख</td><td>ओम बहादुर रिमाल</td><td>३०००००</td><td>३०१०००</td><td>१००</td><td>३०१००</td><td>३००००</td></tr>
<tr><td>४।०७८।७९</td><td>बेलौती विसौना खण्ड घ</td><td>कान्छा सफारी कन्सट्रक्सन</td><td>४६५०००</td><td>४६७०००</td><td>२००</td><td>४६७००</td><td>४६५००</td></tr>
<tr><td>७।०७८।७९</td><td>लेतेफाँट पुलदेखि भाचोक खोला दोभानसम्म</td><td>पानस कन्सट्रक्सन</td><td>५६००००</td><td>६६००००</td><td>१००००</td><td>६६०००</td><td>५६०००</td></tr>
<tr><td>२१।०७८।७९</td><td>तालखोला देखि बेलौती विसौना झोपु सम्म</td><td>योग बहादर घले</td><td>७५०००</td><td>७६०००</td><td>१००</td><td>७६००</td><td>७५००</td></tr>
<tr><td>२२।०७८।७९</td><td>सहजी बसपार्कमा पार्किङ शुल्क उठाउने कार्य</td><td>तुलसी नारायण श्रेष्ठ</td><td>१२५०००</td><td>१२५५००</td><td>५०</td><td>१२५५०</td><td>१२५००</td></tr>
<tr><td>२४।०७८।८९</td><td>मर्याङ्दी नदी बाँध क्षेत्र छहरा मुनी वारीपट्टीको भाग</td><td>कान्छा सफारी कन्सट्रक्सन</td><td>१९६००००</td><td>१९८००००</td><td>२०००</td><td>१९८०००</td><td>१९६०००</td></tr>
<tr><td>२५।०७८।७९</td><td>आकासे भिरको डिलमुनीबाट चिप्लेटीको पुल माथीको भाग</td><td>आशिष निर्माण सेवा</td><td>५००००००</td><td>५२०००००</td><td>२००००</td><td>५२००००</td><td>५०००००</td></tr>
<tr><td>२६।०७८।७९</td><td>चेपाङटार मुनीको गाइखुरे छहरा पारीपट्टीको भाग</td><td>कमल प्रसाद गुरुङ</td><td>२२२५०००</td><td>२२५५०००</td><td>३०००</td><td>२२५५००</td><td>२२२५००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td></td><td></td><td></td><td></td><td>१११७५००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>सटर भाडा प्राप्त नभएको<br>स्थानीय सरकार संचलान ऐन,२०७४ को दफा ५८ मा आफ्नो क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पुंजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था छ ।पालिकाबाट प्राप्त विवरण अनुसार ववित कुमारीलाई सटर भाडामा दिएकोमा निजले आर्थिक वर्ष २०७८।७९ को अन्त्यसम्म रु ४०६००० पालिकालाई बुझाउन बाँकी देखिएकाले उक्त रकम असुल गरी राजस्व आम्दानी गर्नुपर्ने देखिएको रु</td><td>४०६,०००</td></tr>
<tr><td>५०</td><td></td><td></td><td>साठी लाख रुपैयाँ भन्दा बढीको लागत अनुमानको कार्य उपभोक्ता समितिबाट गराएको</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम साठी लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने योगदान उपभोक्ता समिति संगको सम्झौतामा खुलाउनु पर्ने व्यवस्था छ। धुरमुरे विम्दा बाखेजगत सडक स्तरोन्नती कार्य गर्नका लागि नगरस्तरीय योजनामा रु ३० लाख र प्रदेश सरकार अनुदानबाट रु ३० लाख समेत रु ६० लाख वजेट व्यवस्था गरेको देखिन्छ। उक्त सडक निर्माणको लागि रु ६४३८३४६ को लागत अनुमान गरी रु ६० लाख र उपभोक्ता समितिले रु ४३८३४६ व्यहोर्ने गरी सम्झौता गरेकोमा नियम ९७ को उपनियम ३(क१) वमोजिम ६० लाख भन्दा बढीको लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिले गर्नुपर्ने योगदानको अंश खुलाई सम्झौता गर्नुपर्नेमा गरेको देखिएन। तसर्थ निम्नानुसार प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिको अंश खुलाई कार्य गराउनु पर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>जटिल प्रकृतिको कार्य उपभोक्ता समिति मार्फत गराएको<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम स्थानीय श्रम सिपको प्रयोग हुने, स्थानीयस्तरमा रोजगारी श्रृजना हुने कार्य सोही स्थानका लाभग्राही समुदायको सहभागितामा संचालन गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ। जटिल प्रकृतिको सडक वत्ति, विधुत व्यवस्थापन जस्ता कार्यहरु समेत उपभोक्ता समिति मार्फत गराएको देखियो। स्थानीय श्रम सिप नहुने, लाभग्राही समुदायले सम्पादन गर्न नसक्ने प्रकृतिको कार्य समेत उपभोक्ता समिति मार्फत गराएको नियमित नदेखिएको रु
<table>
<tr><th>भौ नं। मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>७१९।२०७९।३।१२</td><td>नगरपालिकाको वडा नं १,७ र ८ मा सडक वत्ति जडान कार्यक्रम उपभोक्ता समिति</td><td>६१८९००</td></tr>
<tr><td>८२०।२०७९।३।२५</td><td>वडा नं ५ मा विधुत व्यवस्थापन कार्यक्रम, विधुत तार खरिद उपभोक्ता समिति</td><td>४१९९००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>११०१८००</td></tr>
</table></td><td>१,१०१,८००</td></tr>
<tr><td>५२</td><td></td><td></td><td>सोझै खरिद<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमिति हुने गरी टुक्रा पारी सोझै खरिद गर्न नहुने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा रु.</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ५ लाखदेखि २० लाखसम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने र सोही नियमावलीको नियम ३१(१) मा रु.२० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । बर्ष भरी आवश्यक पर्ने यस्ता सामानको खरिद प्याकेज बनाई आवश्यक परेको बखत आपूर्ती गर्नेगरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नु पर्नेमा सोझै खरिद गर्नु नियमसम्मत नदेखिएको रु | २,१६४,१७१ |

| भौ.नं | खरिद विवरण | भुक्तानी पाउने | खरिद रकम |
|---|---|---|---|
| ४५६।०७८।११।१० | मसलन्द तथा कार्यालय सामाग्री खरिद | न्यू शुभ के एम इन्टरप्राइजेज | ३१२१८४ |
| ५४६।०७८।११।१० | मसलन्द तथा कार्यालय सामाग्री खरिद | विभिन्न सप्लायर्स | १७७४८९ |
| ११०१।०७९।३।२१ | मसलन्द तथा कार्यालय सामाग्री खरिद | शुभ फोटोकपी एण्ड स्टेशनरी | १९१४५० |
| ११०३।०७९।३।२१ | मसलन्द तथा कार्यालय सामाग्री खरिद | न्यू शुभ के एम इन्टरप्राइजेज | ३५४३५६ |
| **मसलन्द तथा कार्यालय सामाग्री खरिद जम्मा** | | | **१०३५४७९** |
| २०७८।८।२० | कम्प्युटर तथा मेसिनरी सामाग्री खरिद | केडी इन्टरप्राइजेज | ३३१३६० |
| २१०।०७८।८।२१ | कम्प्युटर तथा मेसिनरी सामाग्री खरिद | केडी इन्टरप्राइजेज | १२४८०८ |
| २०।०७९।१।११ | कम्प्युटर तथा मेसिनरी सामाग्री खरिद | लुम्बिनी इन्टरप्राइजेज | १६२७२३ |
| ३०।०७९।३।६ | कम्प्युटर तथा मेसिनरी सामाग्री खरिद | के डी इन्टरप्राइजेज | २००००० |
| १०५५।०७९।३।१६ | कम्प्युटर तथा मेसिनरी सामाग्री खरिद | चेन्जिङ नेपाल | ३०९८०१ |
| **कम्प्युटर तथा मेसिनरी सामाग्री खरिद जम्मा** | | | **११२८६९२** |
| **कुल जम्मा** | | | **२१६४१७१** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३ | | | **सोझै खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ वमोजिम रु ५ लाख सम्म लागत अनुमान भएको कार्य सोझै खरिद गर्न सकिने र सो भन्दा बढी रु २० लाख सम्म लागत अनुमान भएको कार्य सिलबन्दी दरभाउबाट खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले १२ मीटर*६ मीटर साइजको १८१ मीटर सिल्पोलिन प्लास्टिक रु १२३०८०० मूल्य वरावरको सामान ३ पटक गरी सोझै खरिद गरेको देखिन्छ। कृषकहरुबाट माग संकलन गरी वजेटको परिधिभित्र रही सार्वजनिक खरिद नियमावली अनुसार सिलबन्दी दरभाउपत्रबाट प्रतिस्पर्धात्मक खरिद विधिबाट खरिद गर्नुपर्नेमा एकै प्रकृतिको सामान पटक पटक सोझै खरिद गरेको छ । यस सम्बन्धमा छलफल हुँदा कार्यपालिकाको २०७८ श्रावण १७ मा कृषकको माग पास भएपछि खरिद गर्नुपर्ने हुनाले खरिद गरिएको भन्ने जवाफ दिएको भएतापनि प्रतिस्पर्धा नहुनेगरी खरिद गर्ने निर्णय गर्नु उपयुक्त नदेखिएको रु | १,२३०,८०० |
| ५४ | | | **जि.आई. तारजाली**<br>नगरपालिकाले विभिन्न मितिमा तारजालीहरु खरिद गरी दाखिला गरेको देखिन्छ। खरिद गरिएका तारजालीहरु प्राविधिक पुष्ट्याईको आधारमा उपयोग गरी प्रमाणित गर्नुपर्दछ। निम्नानुसार परिमाणमा खरिद गरेका तारजाली प्रयोगको प्राविधिक पुष्ट्याई पेश गर्नुपर्ने रु<br><table><tr><td>किसिम</td><td>रकम</td><td>कैफियत</td></tr><tr><td>तारजाली ६५६ वटा</td><td>२११६३५</td><td>दाखिला प्रतिवेदन नं ९७ बाट</td></tr><tr><td>तारजाली ८९१ वटा</td><td>२८७४४९</td><td>दाखिला प्रतिवेदन नं ९७ बाट</td></tr><tr><td>तारजाली १५४७ वटा</td><td>४९८२११</td><td>दाखिला प्रतिवेदन नं १३ बाट</td></tr><tr><td>जम्मा</td><td>९९७२९५</td><td></td></tr></table> | ९९७,२९५ |
| ५५ | | | **तारजाली जिन्सी दाखिलामा देखिएको तर खर्चको पुष्ट्याई प्रमाण पेश नभएको**<br>भौचर नं ८४८।२०७९।३।३१ बाट नगरपालिकाको वजार क्षेत्रमा सडक वत्ति जडान गर्नका लागि नेपाल विधुत प्राधिकरण लमजुङ वितरण केन्द्रको नाउँमा रु ४५८२१८७।०६ पेश्की फछ्यौंट गरेको देखिन्छ। विधुत प्राधिकरण वितरण केन्द्रको च नं २५ मिति ०७७।४।२८ को पत्रानुसार संलग्न खर्चको विवरण अनुसार विल रकम रु ४०५५०३२।८० मा VAT रकम रु | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ५२७१५४।२६ समेत रु ४५८२१८७।०६ खर्चको विवरण पठाएकोमा मूल्य अभिवृद्धि कर ऐन नियम अनुसार तोकिएको ढाँचाको कर विजक वेगर मू.अ. कर भुक्तानी गरेकोले मू.अ. कर तथा रु ४०५५०३२।८० को अग्रिम कर रु ६०८२५।४९ समेत रु ५८७९७९।७५ अग्रिम कर तथा मू.अ. कर दाखिला गरेको प्रमाण विधुत प्राधिकरणबाट पेश गराइ दाखिला प्रमाण पेश हुनुपर्ने रु | ५८७,९७९.७५ |
| ५६ | | | **सुरक्षित नागरिक आवास कार्यक्रमः** नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सम्बन्धि ऐन २०७५ बमोजिम उपयुक्त सुरक्षित र बातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपुर्ति गर्न गरिबिको रेखामुनि रहेका ,प्रकोपका कारण घरबार बिहिन भएका घर परिवारहरुले सुरक्षित आवास निर्माण गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्रिहरु खरिद गरि पराल वा खरको छाना भएका घर परिवारलाइ जस्ताको छानामुनि ल्याउने उदेश्यले यो कार्यक्रम संचालन भएको र कार्यक्रम कार्यान्वयन गर्नको लागि सुरक्षित नागारिक आवास कार्यबिधि २०७५ लागु गरेको देखिन्छ । | |
| ५६.१ | | | नगरपालिका अन्तर्गत फुसको छाना बिस्थापित गराउने गरि १३९ जना लाभग्राहि छनोट भइ पुरैले अनुदान रकम रु ५०००० मध्ये प्रथम किस्ता बापत रु २३००० र दोश्रो किस्ता बापत रु २७००० प्राप्त गर्ने उल्लेख छ । सुरक्षित नागरिक आवास कार्यान्वयन कार्याबिधि २०७५ बमोजिम प्रथम किस्ता प्राप्त गरेको तर सो रकमले जस्तापाता र काठ लगायत का सामाग्री खरिद गरि दोश्रो किस्ता दिनुपर्ने उल्लेख छ । प्रथम र दोश्रो किस्ता दुबै लैजाने १०० जना भएकोले प्रथम किस्ता लैजाने तर दोश्रो किस्ता नलैजाने ३९ जना रहेको देखियो । | |
| ५६.२ | | | **अनुदान रकम असूल गर्नुपर्नेः** सुरक्षित नागरिक आवास कार्यान्वन कार्यविधि २०७५ को दफा ६ मा अनुदान रकम जुन प्रयोजनको लागि अनुदान उपलब्ध गराएको हो सोहि प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेमा वा किस्ता बमोजिमको गर्नुपर्ने कार्य प्रगति अनुदान उपलब्ध गराएको मितिले तिन महिना भित्र नगरेमा लाभग्राहिबाट अनुदान रकम स्थानिय तहले असूल उपर गर्नुपर्ने उल्लेख गरेकोले प्रथम किस्ता लिएका ३९ जनालाइ दोश्रो किस्ता भुक्तानी नगरेको देखिन्छ । यस सम्बन्धमा छलफल हुँदा संघीय सरकारबाट बजेट प्राप्त नभएकाले दोस्रो किस्ता नदिएको र आ व २०७९।८० मा बजेट प्राप्त गरी कार्य सम्पन्न गरिने जवाफ प्राप्त भएकाले फरफारक गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | ८९७,००० |
| ५७ | | | **बि.ओ.क्यू. भन्दा बढी भुक्तानी** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निमाकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नाप जाँच गरि नापि कितावमा उल्लेख भएको वास्तविक परिमाण मात्र भुक्तानी गर्नु पर्ने उल्लेख छ । कार्यालयले वडा स्तरिय स्वास्थ्य केन्द्र भवन निर्माण वडा नं ३ निर्माण कार्यको भुक्तानी गर्दा निर्माण व्यवसायी अधिकारी कन्सट्रक्सन प्रा लि लाई देहायका आईटममा बि. ओ. क्यू. मा सूरु सम्झौता भएको परिमाण भन्दा बढि हुने गरि भुक्तानी गरेको छ । यसरी बि. ओ. क्यू. भन्दा बढि परिमाणको भुक्तानी भएको सम्बन्धमा प्राविधिक पुष्टयाई पेश हुनुपर्ने रु
<table>
<tr><th>सि नं</th><th>विवरण</th><th>बि ओ क्यू परिमाण</th><th>भुक्तानी परीमाण</th><th>बढी परिमाण</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>१</td><td>Stone machinery work</td><td>१८.९८</td><td>१९.४२</td><td>०.४४</td><td>९०००</td><td>३९६९</td></tr>
<tr><td>२</td><td>Brick Work</td><td>१७.२७</td><td>१८.३८</td><td>१.११</td><td>१७०००</td><td>१८९४०</td></tr>
<tr><td>३</td><td>RCC Work</td><td>३१.३८</td><td>३१.७०</td><td>०.३२</td><td>१८५००</td><td>५९८१</td></tr>
<tr><td>४</td><td>Selvedged double twist hexagonal work</td><td>२९२</td><td>३१९</td><td>२७</td><td>२६५</td><td>७१५५</td></tr>
<tr><td>५</td><td>Assembling of gabin work</td><td>५४</td><td>५९</td><td>५</td><td>२५००</td><td>१२५००</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>४८५४५</td></tr>
<tr><td colspan="6">मु अ कर</td><td>६३११</td></tr>
<tr><td colspan="6">कुल जम्मा</td><td>५४६५६</td></tr>
</table>
</td><td>५४,६५६</td></tr>
<tr><td>५८</td><td></td><td></td><td>४ कोठे भवनको निर्माण सम्पन्न नभएको<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ बमोजिम निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । भौचर नं ४६।०७९।३।२४ बाट अन्नपूर्ण माध्यामिक विद्यालयलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ४ कोठे भवन</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | निर्माणको लागि रु ३५१०००० अनुदान विद्यालयको खातामा निकासा दिएकोमा सो भवन निर्माणको कार्यसम्पन्न प्रतिवेदन पेश नभएकाले कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु | ३,५१०,००० |
| ५९ | | | **सेनेटरी प्याड खरिद**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.३ बमोजिम कक्षा ६ देखि १२ सम्मका सबै छात्राहरुलाई निशुल्क वार्षिक १० महिनाको लागि सेनेटरी प्याड वितरण गर्ने व्यवस्था गरेको छ । सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड वितरण गर्न पालिकाले कोटेशनबाट सेनिटरीप्याड खरिद गरी गो.भौ.नं.२४४।२०७९।०३।१७ बाट रु.४२६४६९ भुक्तानी गरेको छ ।खरिद कार्यका लागी कोटेशन माग गर्दा स्पेशिफिकेसन नखुलाइ माग गरेको तथा छात्राहरुको स्वास्थ्य तथा सरसफाईसँग जोडिएको यस्तो खरिद कार्य आर्थिक वर्षको सुरुमा गरी समयमै वितरणको व्यवस्था मिलाउनुपर्नेमा आर्थिक वर्षको अन्त्यमा खरिद गरेको साथै अगिल्लो बर्षको मौज्जात रहेको देखिन्छ । कक्षा ६ देखि १२ सम्मका छात्रा र ६ कक्षा भन्दा तल्लो कक्षामा माग भए बमोजिम विद्यार्थी संख्या विद्यालयसंग माग गरी सोही संख्याको आधारमा खरिद गर्नुपर्नेमा सो गरेको पाइएन । पालिकाले सेनिटरी प्याडको सुरक्षित भण्डारण गरी विद्यालयको माग अनुसार निकासा दिने, तोकिएअनुसार वितरण भए नभएको र वितरणको अभिलेख व्यवस्थित राखे नराखेको अनुगमन गर्ने र वर्षान्तमा रहेको मौज्दात यकिन गरी आगामी वर्षकोलागि आवश्यक खुद परिमाण यकिन गरी आवश्यक परिमाणमामात्र खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ। सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधी २०७६ को दफा ३१ अनुसार विद्यालयले चौमासिक रुपमा कार्यक्रम कार्यान्वयनको चौमासिक विवरण स्थानीय तह र समाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेमा पठाएको देखिएन । यसतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६० | | | **स्वास्थ्य संस्थाहरुलाई अनुदान**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ बमोजम खर्चको प्रमाण सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न स्वस्थ्य चौकीलाई प्रशासनिक खर्चका लागि कार्यपालिकाको निर्णय गरी रु.५० हजारका दरले अनुदान रकम निकासा गरेको छ । उक्त अनुदान रकम प्रशासनिक खर्च आफैले वहन गर्न सक्नेलाई नदिइ खर्च धान्न नसक्नेलाई मात्र कार्यविधि वनाएर खर्चको सिलिङ तोकी निकासा दिनुपर्नेमा सबै स्वस्थ्य चौकीलाई दिइएको पाइयो । उक्त अनुदान रकम खर्च गरेको विल भरपाइ समेत पालिकामा पेश भएको नदेखिएकाले खर्चको प्रमाण पेश गर्नुपर्ने रु | २००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (table below) | |

| सि नं | स्वास्थ्य संस्थाको नाम | अनुदान रकम |
|---|---|---|
| १ | चण्डीस्थान स्वास्थ्य चौकी | ५०००० |
| २ | शहरी स्वास्थ्य केन्द्र भकुण्डे | ५०००० |
| ३ | वरवोट शहरी स्वास्थ्य केन्द्र | ५०००० |
| ४ | आधारभूत स्वास्थ्य केन्द्र | ५०००० |
| | जम्मा | २००००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सिढि निर्माण तथा वाटो सोलिङ सिञ्चाई कुलो निर्माण लगायतका निर्माणका कार्यक्रम सञ्चालन गरी यस वर्ष ८८ जनालाई रोजगारी उपलव्ध गराई अधिकतम १०० दिनको श्रमिकको पारिश्रमिकमा रु. ५० लाख ५० हजार खर्च गरेको छ । पारिश्रमिक बाहेक अन्य व्यवस्थापनमा रु.१३ लाख ३५ हजार खर्च गरेको छ । लक्षित वर्गलाई न्युनतम ५१ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ६२ | | | **पशु बिमा**<br>नगरपालिकाले नगरक्षेत्रका पशुपालक कृषकहरुलाई मासुको उत्पादन वढाई थप आय आर्जन गराउने उद्देश्यले बाख्रा तथा सुँगुर वंगुरको पाठापाठीहरु वितरण गरेको देखियो। नगरपालिकाले खरिद गरेका पशुधनहरुको सुरक्षणको लागि विमा गराउनुपर्नेमा वीमा गराएको देखिएन। वीमा नगराउदा उक्त पशुधनको दुरुपयोग हुन सक्ने हुनाले वीमा गराउनु पर्दछ। उदाहरणका लागि केही पशुधनको खरिद स्थिति निम्नानुसार छनः- | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>भौ नं।मिति</td><td>कृषकको नाम</td><td>पशुधनको नाम</td><td>रकम</td></tr>
<tr><td>४।२०७८।५।२१</td><td>दिल कुमारी गुरुङ</td><td>बाखा</td><td>२००००</td></tr>
<tr><td></td><td>तालकाशी गुरुङ</td><td>बाखा</td><td>२००००</td></tr>
<tr><td>५६।२०७८।६।२२</td><td>मिलाप बंगुर फार्म</td><td>बंगुरको पाठापाठी</td><td>१९४७००</td></tr>
<tr><td></td><td>सक्षम बाखा फार्म</td><td>वोयर वोका</td><td>१५००००</td></tr>
<tr><td></td><td>हाते भर्पाईको आधारमा</td><td>राँगो</td><td>५००००</td></tr>
<tr><td>१५५।०७८।९।१२</td><td>अधिकारी कृषि तथा पशुपालन फार्म</td><td>६० गोटा सुंगुरका पाठापाठी</td><td>३६००००</td></tr>
<tr><td>१५९।०७८।९।१३</td><td>साईलादाई बाखा फार्म</td><td>७५ प्रतिशत वोयर वोका १७ गोटा</td><td>४४२०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६३</td><td></td><td></td><td>कृषि यन्त्र उपकरण खरिद<br>सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम वीस लाख रुपैयाँभन्दा बढीको सामान खरिद गर्दा वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ।नगरपालिकाले कार्यपालिकाको निर्णयानुसार ५,६ र ७ हर्षपावरको हाते ट्रयाक्टर खरिद गर्दा रु ५०००० मूल्य सम्मको ट्रयाक्टरका लागि रु ५० प्रतिशत अनुदान र सो भन्दा माथी पर्ने मूल्यको ट्रयाक्टरको रु २८००० अनुदान व्यहोर्ने निर्णय गरेको देखिन्छ।कार्यपालिकाले गरेको उक्त निर्णयको आधारमा खरिद कार्य प्रतिस्पर्धी दरमा गराउनु पर्नेमा सो वेगर ५४ टुक्रामा पटक पटक खरिद गरेको देखियो।कार्यालयले रु ४५ लाख वजेट खर्च गरी खरिद गरेको कार्य सार्वजनिक खरिद ऐन, नियम वमोजिम प्रतिस्पर्धी दरमा खरिद गरेको देखिएन।</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>समाजिक सुरक्षाको रकम बढी निकासा<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैङ्क मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ ।पालिका भित्रका केही वडाहरुको परीक्षण गर्दा पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी मृत्यू भइसकेका लाभग्राहीको लगत कट्टा नगरी बढी खर्च गरेको पाइयो । तसर्थ पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी निम्नानुसार बढी खर्च लेखेको रकम असुल हुनुपर्ने रु | ३७६,४०० |

| क्र.स. | लाभग्राहीको नाम | नागरिकता नं | वडा नं | मृत्यु मिति | बढी बुझेको रकम |
|---|---|---|---|---|---|
| १ | धन बहादुर मिजार | १८७२६ | १० | २०७८।५।१२ | ६००० |
| २ | दल बहादुर कामि | ७४१ | १० | २०७८।१२।२९ | १२००० |
| ३ | काली दमै | २८८९ | १० | २०७९।१।३० | ८००० |
| ४ | तिर्थ बहादुर गुरुङ | ५४६ | १० | २०७९।३।५ | ३००० |
| ५ | बिष्णु कुमारी भन्ने अम्बा कुमारी पाण्डे | ६४७७ | ११ | २०७८।४।२४ | ८००० |
| ६ | जित बहादर घर्ती | १९१०८ | ११ | २०७८।६।१० | १४००० |
| ७ | बिष्णु राम लौडारी | ६११० | ११ | २०७७।६।२० | ७०००० |
| ८ | चन्द्र कान्त सिलुवाल | ५९३३ | ११ | २०७५।६।१ | १५०००० |
| ९ | मिठु देवि मगर | ५५७६ | ११ | २०७८।१०।२४ | २०००० |
| १० | मन बहादुर सार्की | २४२९ | ११ | २०७८।९।२५ | २४००० |
| ११ | तेज बहादुर थापा | ५७६८ | ११ | २०७८।८।१३ | १८००० |
| १२ | बल बहादुर गुरुङ | ४३३४ | ४ | २०७८।७।२१ | ८००० |
| १३ | बुद्धी राज गरूङ | २०४ | ५ | २०७८।५।२८ | ४००० |
| १४ | मिनु माया वाग्ले | १२०५ | ८ | २०७८।३।१६ | ७९०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१५</td><td>कालिमाया सार्की</td><td>६३१७</td><td>८</td><td>२०७८।५।३१</td><td>१६०००</td></tr>
<tr><td>१६</td><td>गँगा बहादुर अधिकारी</td><td>६०५७</td><td>८</td><td>२०७९।२।२</td><td>७५००</td></tr>
<tr><td></td><td colspan="4">जम्मा</td><td>३७६४००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>
पेश्की बाँकी<br>
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (३) मा कार्यालयले प्रचलित कानून अनुसार दिएको पेश्की म्याद नाघेको र ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा उपनियम ४ मा लेखापरीक्षण गर्ने निकायले फछ्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्दा नियमानुसार म्याद ननाघेको पेश्कीलाई वेरुजू नमानिने व्यवस्था गरेको छ।पालिकाको आर्थिक बर्षको अन्त्यसम्ममा फछ्यौट नभई बाँकी रहेको निम्नानुसारका निर्माण व्यवसायी, व्यक्ति, संस्था तथा उपभोक्ता समितिहरुको नाममा रहेको पेश्की रकम नियमानुसार फछ्यौंट गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">गो भौ न</th><th rowspan="2">पेश्की लिने व्यक्ति/फर्म/कम्पनी</th><th rowspan="2">वापत</th><th colspan="2">आव २०७७।७८ को पेश्की बाँकी</th></tr>
<tr><th>म्याद ननाघेको</th><th>म्याद नाघेको</th></tr>
<tr><td>१।०७८।४।१</td><td>पराजुली कन्सट्रक्सन प्रा.लि</td><td>पुरानकोटगढी भ्यूटावर तथा शान्तिस्तुपा निर्माण</td><td>३६०००००</td><td></td></tr>
<tr><td>२६६।०७८।१० ।२०</td><td>गणेश कुण्ड इन्फ्रास्ट्रक्चर एण्ड बिल्डर्स</td><td>बेसीशहर युनिभर्सलचोक मकैडाँडा सडक स्तरोन्नति लागत साझेदारी (संघीय समपुरक)</td><td>२८५००००</td><td></td></tr>
<tr><td>९,१२।०७८।१२ ।२२</td><td>कोजु / देशेमरु जे.भी.</td><td>चण्डीस्थान (सारिङ) स्वास्थ्य चौकी भवन निर्माण</td><td>२५७५०००</td><td></td></tr>
<tr><td>१०,२६।०७९।२ ।२५</td><td>सिद्धि विनायक निर्माण सेवा बे.न.पा.-२</td><td>बेसीसहर न.पा. ४ पुरानोकोट स्वास्थ्य चौकी पुजिगत सुधार</td><td>४९८०००</td><td></td></tr>
<tr><td colspan="3">जम्मा</td><td>९५२३०००</td><td>०</td></tr>
</table>
</td><td></td></tr>
</table>